शिवालय गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३

# शिवालय गाउँपालिका

## जाजरकोट

## कर्णाली प्रदेश, नेपाल

# शिवालय गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

प्रकाशक

शिवालय गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

सिमा, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८२/८३
चलानी नम्बरः

## अध्यक्षको भनाइ

विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य सुरक्षित र समुन्नत गाउँपालिकाको आधार हो। शिवालय गाउँपालिकाको भौगोलिक अवस्था तथा सम्भावित विपद्का जोखिमलाई मध्यनजर गर्दै तयार गरिएको **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३"** ले विपद्को समयमा जनधनको क्षति न्यूनीकरण गर्न तथा उद्धार, राहत र पुनःस्थापनाका कार्यलाई व्यवस्थित बनाउन महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु।

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका, वडा, सुरक्षा निकाय, स्वास्थ्य संस्था, समुदाय तथा सम्पूर्ण सरोकारवालाबीच सहकार्य, समन्वय र सक्रिय सहभागिता आवश्यक छ। विपद् आउनुपूर्व नै आवश्यक तयारी गरी **सुरक्षित, सक्षम र विपद् उत्थानशील शिवालय गाउँपालिका निर्माण** गर्न हामी सबै प्रतिबद्ध हुनुपर्दछ।

यस योजना निर्माणमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय, सरोकारवाला निकाय तथा स्थानीय समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।
धन्यवाद।
२०८३, असार

**शेर बहादुर शाही**
**अध्यक्ष**

## उपाध्यक्षको भनाइ

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समयमै गरिने पूर्वतयारीले सम्भावित जनधनको क्षति न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्दछ। शिवालय गाउँपालिकाको भौगोलिक अवस्था तथा सम्भावित विपद्का जोखिमलाई ध्यानमा राखी तयार गरिएको **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३"** ले विपद्को समयमा उद्धार, राहत तथा प्रतिकार्यका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु।

योजनाको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय, स्वास्थ्य संस्था, स्थानीय समुदाय तथा सम्पूर्ण सरोकारवालाबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक छ। विपद् व्यवस्थापनलाई साझा जिम्मेवारीका रूपमा आत्मसात् गर्दै सुरक्षित, सक्षम र विपद् उत्थानशील शिवालय गाउँपालिका निर्माणमा सबैको सक्रिय सहभागिताको अपेक्षा गर्दछु।

यस योजना निर्माणमा योगदान गर्नुहुने सम्पूर्ण व्यक्ति तथा निकायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।
२०८३, असार

**गीता शाही**
**उपाध्यक्ष**

## प्रमुख प्रशासकीय अधिकृतको भनाइ

विपद् कुनै पनि समयमा आउन सक्ने भएकाले यसको प्रभाव न्यूनीकरण तथा सम्भावित क्षतिबाट नागरिकको जीवन, सम्पत्ति, पूर्वाधार र वातावरणको संरक्षणका लागि पूर्वतयारी अपरिहार्य हुन्छ। शिवालय गाउँपालिकाको भौगोलिक अवस्था, नदी तथा खोलानाला, भिरालो भू—भाग, वर्षायाममा हुने बाढी, पहिरो, आगलागी लगायतका सम्भावित विपद्का जोखिमलाई मध्यनजर गर्दै **"शिवालय गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३"** तयार गरिएको हो।

यस योजनाले विपद् आउनुपूर्व गर्नुपर्ने तयारी, जोखिम न्यूनीकरण, सूचना तथा सञ्चार, खोज तथा उद्धार, प्राथमिक उपचार, राहत तथा पुनःस्थापना लगायतका प्रतिकार्यका कार्यहरूलाई व्यवस्थित गर्न मार्गदर्शन गर्नेछ। साथै, विपद्को समयमा गाउँपालिका, वडा कार्यालय, सुरक्षा निकाय, स्वास्थ्य संस्था, स्थानीय समुदाय, स्वयंसेवक, गैरसरकारी तथा अन्य सरोकारवाला निकायबीच प्रभावकारी समन्वय र जिम्मेवारी स्पष्ट गर्न यस योजनाले महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

विपद् व्यवस्थापन केवल सरकारी निकायको मात्र जिम्मेवारी नभई सम्पूर्ण समुदायको साझा दायित्व हो। त्यसैले योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका सबै शाखा तथा वडा कार्यालय, सुरक्षा निकाय, स्वास्थ्य क्षेत्र, विद्यालय, समुदाय, निजी तथा गैरसरकारी क्षेत्र र नागरिक समाजबीच निरन्तर सहकार्य र समन्वय आवश्यक छ। योजना निर्माणसँगै यसको नियमित अद्यावधिक, अभ्यास, क्षमता विकास तथा आवश्यक स्रोत—साधनको पूर्वव्यवस्थापनमा समेत विशेष ध्यान दिनुपर्ने हुन्छ।

यस योजनाले शिवालय गाउँपालिकालाई **"विपद् आएपछि प्रतिकार्य गर्ने मात्र होइन, विपद् आउनुपूर्व नै जोखिम पहिचान गरी पूर्वतयारी गर्ने र सम्भावित क्षति न्यूनीकरण गर्ने"** कार्यसंस्कृतिको विकास गर्न सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, यस योजना तयार गर्ने क्रममा आवश्यक सुझाव, सूचना, तथ्याङ्क तथा प्राविधिक सहयोग उपलब्ध गराउनुहुने जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, विषयगत निकाय, संघसंस्था, स्थानीय समुदाय तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु। योजनाको सफल कार्यान्वयनमा सबैको निरन्तर सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

धन्यवाद।

**२०८३, असार**

**गोपाल शाही**
**प्रमुख प्रशासकीय अधिकृत**

# शिवालय गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८३

## परिच्छेद-एक
## प्रारम्भिक

### १.१ पृष्ठभूमिः

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन् । साथै विपद् व्यवस्थापनका लागि केन्द्रदेखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन् । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो । स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढंगबाट सम्पन्न गर्न समितिले यस सम्वन्धी छुट्टै योजना तर्जुमा गर्नुपर्ने हुन्छ । विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु आवश्यक रहेको छ ।
जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी वृद्धि हुने गरेको छ । यस गाउँपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन । यस गाउँपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु वीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक देखिएको छ ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुरुप शिवालय गाउँपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

### १.२ योजनाको उद्देश्य :

यस गाउँपालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्वन्धी प्रतिकार्यलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको प्रमुख उद्देश्य हो । यसका अन्य उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :

(क) विपद् प्रतिकार्यका लागि विषय क्षेत्रहरुको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,

(ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरुको पहिचान र अद्यावधिक गर्नु,

(ग) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क संकलन र विश्लेषणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,

(घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरु तय गर्नु र

(ङ) विपद् प्रतिकार्यका लागि हाल उपलव्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवं सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आँकलन, प्रक्षेपण र प्रवन्ध गर्नु ।

(च) गाउँपालिकाको क्षेत्रभित्र वसोवास गर्ने जनसमुदाय विशेष गरी प्रत्यक्ष प्रभावमा पर्ने गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरु, विपन्न र पछाडि परेका समूहहरुको योजना निर्माण प्रक्रिया र कार्यान्वयनमा समान प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु ।

(छ) विपद् हुन नदिनु प्रमुख कार्य हो भनी परिआएको विपद्जन्य घटनामा परेका घरपरिवारलाई पुनर्निर्माण, पुनर्स्थापना तथा प्रवलीकरणमा रहने गरी कार्यविधि २०८१ वमोजिम प्रभावकारी निर्णयको सुनिश्चित गरी पुनर्लाभ कार्यमा सहजीकरण गर्नु ।

## १.३ योजना तर्जुमा प्रक्रिया :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषय क्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार यस गाउँपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्वन गरिएको प्रक्रियागत ढाँचा देहाय वमोजिम रहेको छ :




माथि उल्लिखित ढाँचामा योजना तर्जुमा चरणहरुको संक्षेपमा तल चर्चा गरिएको छ :

### १.३.१ स्थानीय विपद् व्यवस्थापन समितिको बैठक :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न ८ वटा विषयक्षेत्रहरुको निर्धारण गर्नुका साथै विगतका विपद्का घटना सम्वन्धी तथ्याङ्क, प्रकोप नक्सा, संकटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान एवं पूर्वसूचना प्रणाली र विपद् सम्वन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि प्राविधिक कार्यसमूह(Technical Woking Group) गठन गरिएको थियो ।स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले कार्य समूहलाई काम, कर्तव्य र जिम्मेवारी सहित अनुसूची कार्यादेश प्रदान गरेको थियो । बैठकले स्थानीय तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरी सूचीलाई पूर्णता प्रदान गर्ने विषयलाई कार्यसमूहको जिम्मेवारीमा समावेश गर्ने निर्णय समेत गरेको थियो ।

### १.३.२ आधारभूत अध्ययन :

स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानीय विपद् व्यवस्थापन समवन्धी मौजुदा नीति, योजनाहरु, विपद्का घटना सम्वन्धी तथ्याङ्क र प्रकाशनहरु, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरुको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्वन्धी आधारभूत अध्ययन (Baseline Study) र विश्लेषण गरिएको थियो । योजना तर्जुमाका क्रममा देहाय वमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियो :

- विपद् व्यवस्थापन सम्वन्धी संघ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्ययोजना
- विगत ५ वर्षको विपद्का घटना सम्वन्धी तथ्याङ्क र प्रकाशनहरु, प्रकोप नक्सा, संकटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्वन्धी तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरु
- शिवालय गाउँपालिकाको स्थानीय अनुकुलन योजना २०७८/७९ देखि २०८२/८३
- स्थानीय विपद्को इतिहास (भूकम्प, वाढी, पहिरो, आगलागी, खडेरी) आदि,
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई
- शिवालय गाउँपालिकाको स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८
- जनसंख्या विवरण, सडक संजाल, नदी, वसोवास क्षेत्र तथा गाउँपालिकाको सीमाना देखिने नक्सा
- गाउँपालिकाको आवधिक योजना, विषय क्षेत्रगत योजनाहरु, प्रतिवेदनहरु ।

### १.३.३ विषयगत क्षेत्र समूह :

शिवालय गाउँपालिकामा सम्भावित विपद्को जोखिमलाई व्यवस्थापन गर्न गाउँपालिका स्तरीय स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको छ । गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । गाउँपालिकामा विपद् जोखिम व्यवस्थापनको लागि सरोकारवाला निकायहरुको सहभागितलाई महत्व दिदै विषयगत क्षेत्र उपसमितिको अवधारणलाई स्थानीय विपद् व्यवस्थापन समितिले कार्यान्वयन गरेको छ । गाउँपालिकाका सरोकारवाला निकायहरुको संलग्नतामा विषय क्षेत्रगत समूहहरु परिचालन हुनेछन् ।

### १.३.४ विषयगत (कलस्टर) को बैठक :

विषयक्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरुको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषय क्षेत्रसँग सम्वन्धित स्रोतहरुको आँकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरुमा छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको आयोजनामा वैठकहरु संचालन गरिएको थियो । विषय क्षेत्रगत रुपमा योजनाको प्रस्ताव तयार गर्न विषय क्षेत्रगत समितिहरु गठन गरिएको थियो ।

### १.३.५ कार्यशाला गोष्ठी :

विषय क्षेत्रहरुको निष्कर्ष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी आयोजना गर्नु अघि

स्थानीय विपद् व्यवस्थापन समितिको बैठक वसी विषय क्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो । कार्यशालामा विषय क्षेत्रहरुको बैठकबाट प्रस्तावित विवरण तथा योजना उपर छलफल गरी सुझाव संकलन गरिएको थियो ।
कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थपान समितिका सदस्यहरु, विषय क्षेत्रका सदस्य, संघ संस्थाहरु साथै राजनैतिक दल र सरोकारवालाहरुको उपस्थिति रहेको थियो । विपद् विषयमा छलफल संचालन तथा सहजीकरण गाउँपालिकाको विपद् व्यवस्थापन शाखा र सहयोगी संस्थाको सक्रियतामा गरिएको थियो ।

### १.३.६ योजना मस्यौदा तयारी :

उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषय क्षेत्रहरुको छलफल र द्धितीय स्रोतबाट संकलन गरिएका सूचनाहरु र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रस्तुत मस्यौदा तयार गरिएको छ ।

### १.३.७ पृष्ठपोषण संकलन र अन्तिम मस्यौदा तयारी :

छलफलबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, संघसंस्थाहरुको सुझाव लिइएको थियो । यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ ।

## परिच्छेद-दुई

## विपद् जोखिम र व्यवस्थापनको अवस्था :

### २.१ गाउँपालिकाको संक्षिप्त परिचय :

शिवालय गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्लाको ४ वटा गाउँपालिका मध्ये सबैभन्दा सानो गाउँपालिका हो । ९ वटा वडा रहेको यस गाउँपालिकाले जिल्लाको कूल क्षेत्रफल २२२३.३५ वर्ग किलोमिटर मध्ये १३४.२६ वर्ग किलोमिटर अर्थात १२% भूभाग ओगटेको छ । यस गाउँपालिकाको केन्द्र वडा नं. ३, सिमामा रहेको छ । समुन्द्री सतहबाट यसको औसत उचाई ७४४ मिटर देखि २९६७ मिटर सम्म रहेको छ । जाजरकोट जिल्लाको पश्चिम क्षेत्रमा रहेको यस गाउँपालिकाको पूर्वमा जाजरकोट जिल्लाको छेडागाड नगरपालिका, पश्चिममा सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका, उत्तरमा दैलेख जिल्लाको भगवतीमाई गाउँपालिका र दक्षिणमा भेरी नदी र सल्यानको बनगाड कुपिन्डे नगरपालिका रहेका छन् । गाउँपालिकाको तीन तर्फको सीमानामा फरक ३ जिल्लाहरु रहेका छन् । नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुर्नसंरचनामा स्थानीय तहको नयाँ सीमाङ्कन गर्दा यो गाउँपालिका साविकका ३ वटा गाविसहरु सिमा, थालारैकर र जुंगाथापाचौर गाविसहरु मिलेर स्थापना भएको हो ।शिवालय गाउँपालिकाको भौगोलिक अवस्था डाँडाकाँडा, भिरपाखा,




**शिवालय गाउँपालिकाको GIS नक्सा**

वनजंगल, खोलानाला, उकालो, ओरालो, लेकवेसी मिलेर बनेको छ । शिवालय गाउँपालिकाको भूवनोटलाई हेर्ने हो भने धेरैजसो भूभाग भिरालो रहेको देखिन्छ । करिव ३० डिग्री भन्दा बढीको भूभागले शिवालय गाउँपालिकाको भूवनोटको धेरै हिस्सा ओगटेको देखिन्छ । तसर्थ कुनैपनि विकास निर्माणका काम जस्तै : सडक, खानेपानी, सिंचाई र अन्य पूर्वाधारहरुको निर्माण कार्य गर्दा गाउँपालिकाको भिरालोपनलाई ध्यान दिएर गर्नुपर्ने देखिन्छ । हिजोआज गाउँपालिकामा कृषि योग्य जमिनमा कृषि कार्य गर्ने क्रम घट्दै गएकाले धेरैजसो भूभाग वाँझो हुँदै गएको पाइएको छ । अधिकांश युवाहरु कामको खोजीमा अन्यत्र जाने प्रचलनले गर्दा खेती गर्नको लागि पर्याप्त जनशक्तिको अभाव हुनाले जमिन वाँझो हुँदै गएको पाइन्छ । यसरी जमिनको वाँझोपनले समग्र गाउँपालिकाको विकासलाई नै चूनौती दिएको पाइन्छ । शिवालय गाउँपालिकामा रहेका वस्तीहरु हेर्दा समग्र गाउँपालिकाभरि नै छरिएर वस्ती रहेको छ । धेरैजस्तो बस्ती वडा नं. ६ र १ मा रहेको देखिन्छ ।

वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार यहाँको घरधुरी संख्या २,८०६ र जनसंख्या १४,७७६ (महिला :७,४७८ र पुरुष : ७,२९८) रहेको छ ।

**गाउँपालिकाको वडागत जनसंख्याको विवरण :**

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | जम्मा | क्षेत्रफल |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १ | ४३५ | ७४७८ | ७२९८ | २०६२ | १६.५५ |
| २ | ३०९ | ८८७ | ८६७ | १७५४ | १८.४८ |
| ३ | ३७५ | ८८७ | ८३४ | १७२१ | ८.९२ |
| ४ | ९५ | २३७ | २१३ | ४५० | ९.७३ |
| ५ | २९७ | ९२६ | ८७८ | १८०४ | ९.६८ |
| ६ | ३८३ | १०१५ | ९४७ | १९६२ | २०.१६ |
| ७ | ३४६ | ९८५ | ९८७ | १९७२ | २०.७६ |
| ८ | ३२९ | ८४८ | ९१५ | १७६३ | १६.३१ |
| ९ | २३७ | ६२५ | ६६३ | १२८८ | १३.७१ |
| **जम्मा** | **२८०६** | **७४७८** | **७२९८** | **१४७७६** | **१३४.२६** |

**स्रोत : राष्ट्रिय जनगणना, २०७८**

## २.१.१ जातियताको आधारमा जनसंख्याको विवरण :

यस गाउँपालिका जातिगत तथा साँस्कृतिक रुपमा विशिष्टता र विविधता वोकेको गाउँपालिका हो । यस गाउँपालिकामा मुख्य रुपमा क्षेत्री र त्यसपछि क्रमशः कामी, ठकुरी, दमाई, वाहुन, मगर, सार्की र सन्यासी जातिहरुको बसोबास रहेको छ । समग्रमा गाउँपालिकामा क्षेत्री जातिको वाहुल्यता रहेको छ । धार्मिक हिसाबले यहाँ हिन्दु, इसाई धर्ममा विश्वास राख्ने मानिसहरुको बसोबास रहेको छ । यहाँ मनाइने चाड पर्वमा साउने संक्रान्ति, जनैपूर्णिमा, कृष्ण अष्टमी, तीज, दशै, तिहार, न्वागी, माघे संक्रान्ति, फागू पूर्णिमा आदि पर्दछन् । विवाह, न्वारान र व्रतवन्धमा आ-आफ्नै संस्कार तथा विविधता पाइन्छ । यस क्षेत्रको मेला तथा जात्राहरुमा पैसेरु, खँडो, मयूर, सिंगारु नाचहरु नाच्ने तथा ठाडी भाका, लहरे भाका र देउडा भाकाहरु गाउने चलन छ ।

## २.१.२ सामजिक अवस्था :

यहाँ बसोबास गर्ने अधिकांश मानिसहरु क्षेत्री भएकाले हिन्दू धर्मावलम्वीहरुको संख्या बढी रहेको छ । शिक्षा, स्वास्थ्य, सामाजिक चेतनाको अभिवृद्धि कार्यमा यहाँका विभिन्न क्लव, वन उपभोक्ता समिति, सहकारी, समुदायमा आधारित गैर सरकारी संस्था, उपभोक्ता समिति, टोल विकास समिति क्रियाशील छन् ।

### २.१.३ आर्थिक अवस्था :

गाउँपालिकाको आर्थिक स्रोतको मूल आधार कृषि हो । यसका अतिरिक्त नोकरी, कृषि/पशुपालन, ज्याला मजदुरी पनि आम्दानीका स्रोत हुन् । हाल आयआर्जनको क्षेत्रमा विविधता आएको पाइन्छ । कतिपय मानिसले सार्वजनिक जीप सेवा, ट्र्याक्टर ढुवानी सेवा, होटल तथा रेष्टुरेन्ट, चिया पसल आदिबाट पनि आर्थिक लाभ लिएको देखिन्छ । व्यापार, वैदेशिक रोजगार, ठेक्का पट्टाबाट पनि यहाँका मानिसहरुले आय आर्जन गर्ने गरेको पाइन्छ ।

### २.१.४ सडक तथा यातायात सेवाको अवस्था :

गाउँपालिकाका अधिकांश वडा वा वस्तीहरु कम्तीमा कच्ची मोटरबाटोको पहुँचमा छन् । कच्ची मोटरबाटो भएको कारण वर्षा याममा मानिसहरुलाई दैनिक आवतजावत र सामानहरु ढुवानी गर्न कष्टकर हुने गरेको छ । गाउँपालिकामा यातायात साधनको उपयोग हेर्दा मोटरसाईकल, वलेरो जिप, हाईस, ट्र्याक्टर लगायतका यातायातका साधन दैनिक रुपमा संचालन हुने गरेको पाइन्छ ।

### २.१.५ गाउँपालिकामा रहेका भौतिक पूर्वाधार, सेवाको विवरण :

विद्यालय : यस गाउँपालिकामा सामुदायिक तथा संस्थागत गरी जम्मा ४२ वटा विद्यालय रहेका छन् । आपत्कालीन अवस्थामा बाढीपहिरोको जोखिममा सम्वन्धित गाउँ टोलका परिवारले आश्रय लिन सामुदायिक विद्यालयका कक्षाकोठा र परिसर प्रयोग गर्नुपर्ने वाध्यता छ ।

स्वास्थ्य सेवा : गाउँपालिकामा ३ वटा स्वास्थ्य चौकी र ६ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन् । त्यस्तै ५ वटा निजी क्लिनिक संचालनमा छन् ।

संचार सेवा र पूर्वसूचना गाउँपालिकामा मोवाइल टेलिफोन, इन्टरनेट मार्फत सूचना आदानप्रदान गर्न सकिन्छ । सुरक्षा निकायसँग वाकिटकी सेट रहेका छन् ।

### २.१.६. प्राकृतिक स्रोतको अवस्था (वन, जलस्रोत, जमिन) :

### २.१.६.१ वन सम्वन्धी विवरण :

शिवालय गाउँपालिकामा प्रशस्त वन क्षेत्र रहेको छ । यस गाउँपालिकामा २४ वटा सामुदायिक वन रहेका छन् भने अन्य राष्ट्रिय वन पनि रहेका छन् । यी वनभित्र करिब ८० भन्दा बढी प्रजातिका रुख तथा फलफूलका प्रजाति रहेका छन् भने करिब २० प्रजातिका जडीबुटीहरु पाइन्छ । यहाँको वनभित्र करिब १४ प्रकारका वन्यजन्तु र २९ प्रकारका चराचुरुङ्गीहरु पाइन्छ ।

| शिवालय गाउँपालिकामा रहेका सामुदायिक वन : |
|---|
| छहरेखोलाजलुके, चुली, चुली ढडमेला, ज्यामिरे तिमिलेपाखा, पैरा, छेपारेकोट मग्राह, शिलाजु नेप्सा भुर मान्देउला, शान्ति ऐरेली, डाउके उमाउराकाल्ना, विर्खामडाँडा, मेहेलटाकुरा, ताँगाचुला, लालीगुँरास सालघारी, कोटापानी, डिमुरेगैरी रानीपानी, शिवालय, सल्लेरी, अल्लाना रानीपानी, छहरेखोला, मृगचरी,नमुना हरियाली, बालुवा बेसी, बासखोली भिउथापा, चिन्तेडाँडा वल्लेवन, नाहाडा, प्रगतिशील |
| **गाउँपालिका क्षेत्रमा पाइने वनस्पति :** |
| सल्ला, काली, धाइरो, साल, टिमुर, लामपाते, किमु, सुन्तला, साँधन, बेरुला, औलिसो, सिसै, कोइरेली, मल्यात, रैयाज, सिउदारो, लिप्टीस, तेजपात, आँप, अमाउरो, ऐसेलु, खिरो, मौवा, ओखर, निगालो, भिमल, कटुस, भोगटे, कोटमिरो, टुनी, सिमल, साज, गुराँस, लेकसल्ला, घघारु, काउलो, जामुन, तिजु, गायो, गुएलो, उत्तीस, पैयु, मलायागिरी, फलाँट, खस्रु, वाँझ, पाङगर, बेल, लाँकुरी, वर, पिपल, काफल, समी, केरा, चुत्रो, अमिलो, बइस, खमारी, औलिलोद, बेत, कागती, मेवा, दुदिला, दबदबे, सेतबौरा, टुना, वुद्धचित्त, कानचिरो, वाँस, लौठसल्ला, मेल, तुसारे, पिपिरि, बकाइनो, अमला, खयर, कौभला, भला, शिशिर, गुहेली, काफल |
| **गाउँपालिकाभित्र पाइने प्रमुख जडीबुटी :** |
| सतुवा, पाङ्गर, बोजो, कुरिलो, चिराइतो, तेजपात, सुगन्धवाल, चुत्रो, कटुको, तितेपाती, डालेचुक, काउलो, |

| |
|---|
| कालो काफल, कुट्की, अर्जन, अमिलि, पाँगर, पोगचाल्लो, सिलपाउरी, शिलाजित |
| **गाउँपालिकाभित्र पाइने प्रमुख चराचुरुङ्गी :** |
| लुइचे, ढुकुर, कालिज, तित्रा, जुरेली, रुपी, चिल, काग, गिद्ध, न्याउली, टकठके, धागेचरी, कालेकल्चु, साह्रेचरा, सुगा, मैना, गौथली, भगेरा र भिगउरी, च्याखुरा, कोइली, चमेरो, लाटोकोसेरो, बाज, लामपुच्छ्रे, धोविनी, कोसेरो, काकाकलु, कोकले, महचरी |
| **गाउँपालिकाभित्र पाइने प्रमुख वन्यजन्तु :** |
| बाघ, भालु, स्याल, घोरल, मृग, फ्याउरो, रतुवा, वनढाडे, दुम्सी, बाँदर, ब्वासो, न्याउरो, खरायो, बदेल |

स्रोत : शिवालय गाउँपालिका वस्तुगत विवरण, २०७५

## २.१.७. जमिन विवरण :

शिवालय गाउँपालिकाको भूउपयोग विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | जलस्रोत क्षेत्र | ०.२५४७ | ०.१८९८१३% |
| २ | वन क्षेत्र | ८१.४४११ | ६०.६९३१५% |
| ३ | घाँसे क्षेत्र | ०.०२६२ | ०.०१९५२५% |
| ४ | कृषि क्षेत्र | ३.१६२ | २.३५६४४८% |
| ५ | वुट्यान | ४८.६८८ | ३६.२८४८३% |
| ६ | वस्ती | ०.५३८ | ०.४००९३९% |
| ७ | खुल्ला क्षेत्र | ०.०७४२ | ०.०५५२९७% |
| | **जम्मा** | **१३४.१८५** | |

स्रोत : Karra, Kontgis, et, al, 2021




**शिवालय गाउँपालिकाको भूउपयोग नक्सा**

## २.१.८. जलस्रोत विवरण :

शिवालय गाउँपालिकामा वाह्र महिना वग्ने प्रमुख खोला भीउँस खोला हो । भीउँस खोलाका सहायक खोलाहरुमा नेपा खोला तथा थाला खोलाहरु रहेका छन् । यी खोलाहरु बाह्रै महिना बहन्छन् र धैरैजसो शिवालय गाउँपालिकाको तल्लो भेगमा सिंचाइको लागि पानीको आपूर्ति यीनै खोलाहरुबाट हुने गरेको छ ।

यसका अलावा मौसमी रुपमा वहने खोल्सीहरु पनि प्रशस्त मात्रामा रहेका छन् । यी खोल्सीहरुले सिंचाइको सुविधा दिनुका साथै वेलावेलामा यसले प्रकोपको रुप लिएर आर्थिक तथा भौतिक क्षति पुऱ्याउने गरेको छ ।

## २.१.९ वडा विपद् व्यवस्थापन सम्वन्धी विवरण :

गाउँपालिकाका वडाहरुमा वडा विपद् व्यवस्थापन समिति गठन गरिएको छ । हरेक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडा विपद् व्यवस्थापन समिति रहेको छ ।

## २.२ गाउँपालिकाका विद्यमान प्रमुख प्रकोपहरु :

यस गाउँपालिकाको विपद्को अवस्था विश्लेषण गर्दा सवैभन्दा बढी क्षति आगलागी, खडेरी, पहिरो र बाढीले गरेको छ, जसको पुनरावृत्ति पनि उच्च रहेको छ । मूलत : बाढी/पहिरोले घरजग्गा वगाउने, खेतीयोग्य जमिन तथा सामुदायिक वनको जमिन कटान/पटान गर्ने गरेको छ ।
त्यसबाहेक रोगकीरा,मानव वन्यजन्तु द्वन्द्ध,कोभिड १९, झाडापखाला, जस्ता महामारी, चट्याँङ्ग, सडक दुर्घटना जस्ता प्रकोपबाट पनि उल्लेख्य मात्रामा क्षति भएको छ ।

यस गाउँपालिकामा आवृत्ति र गम्भीरताको आधारमा अन्य प्रकोप तथा घटेका विपद्का घटनाहरुको तुलनामा आगलागी, खडेरी,पहिरो र बाढीको असर तथा प्रभाव बढी देखिएको छ जसको कारणले जनधन, व्यक्तिगत सम्पत्ति र अन्नपात समेत क्षति हुने गरेको छ । यस्ता प्रकोप तथा विपद्बाट विपन्न वर्ग, समुदायको आर्थिक अवस्था थप कमजोर वन्ने गरेको छ । यसरी विपद्को चपेटामा पर्ने घरपरिवार तथा समुदायलाई उत्थानशील र अनुकुलित बनाउन आवश्यक छ ।

## २.३ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपका पहिचान तथा स्तरीकरण :

विद्यमान प्रकोपहरुको पहिचानको लागि गाउँपालिकामा उपलव्ध तथ्याङ्कको अध्ययन पहिला पनि भएको र हाल पनि भइरहेको छ । गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोप तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | सम्भावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भूकम्प | भूकम्पीय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकाम भूकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागू नभएको । | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिका विशेषत : साना खोला र खोल्साहरु वग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भूभागहरु वर्षेनी डुवान र कटान गरी क्षति पुर्‍याइरहेको छ । वर्षेनी धेरै संख्यामा परिवाहरु प्रभावित भइरहेका छन् । | असार-असोज |
| ३ | पहिरो | भौगोलिक रुपले विकट तथा नांगा डाँडा पाखाहरु तथा भूकम्प प्रभावित भीर पाखाहरुमा पहिरो जाने गरेको । | असार-असोज |
| ४ | आगलागी | गाउँपालिकाको घना वस्ती रहेका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नि नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरु माटोले नपोत्नु, | चैत्र-जेष्ठ |

| | | | |
|---|---|---|---|
| | | हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु र आगो बाल्ने वस्तुहरु बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको । | |
| ५ | महामारी | प्राकृतिक प्रकोप पश्चात् पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानीजन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूलन क्षमताको अभाव | विपद् पछि, अन्य समयमा |
| ६ | वर्ड फ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु आदि | जुनसुकै समयमा |
| ७ | मानव वन्यजन्तु द्धन्द्ध | गाउँपालिकाको वनजंगल वरिपरि वसोवास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | खडेरी | पानी नपरेमा सिंचाई नपुगेका भागहरु | असार-भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादी प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो वर्षा याम र पानी परेको समयमा | जुनसुकै समयमा |

### २.३.१ विपद्को ऐतिहासिक समय रेखा :

यस गाउँपालिकामा विगत ३० वर्ष यता विभिन्न समयमा घटेका प्राकृतिक, गैर प्राकृतिक, जलवायुजन्य विपद्का घटनाहरुको ऐतिहासिक समय रेखा, सोको प्रभाव र प्रभावित क्षेत्र, पूर्वतयारी र प्रतिकार्यका लागि गरिएका प्रयासलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विपद्को प्रकार | साल (वि.सं.) | स्थान | असर |
|---|---|---|---|---|
| १ | बाढी, पहिरो | २०५२ | वडा नं ५, ठेलाचौर, वडा नं. ६, वडा नं २ कैना | ठेलाचौर वस्ती जोखिममा, वनजंगलको विनाश भएको, वाटोघाटो वन्द भएको, खेतवारीमा क्षति पुगेको, १ घरमा क्षति भएको । |
| | | २०५२ | वडा नं १ को छोरेखेत, लुलाली र सिमल खेत | छोरेखेत, लुलाली र सिमल खेत वगायर अन्न वालिको ठुलो क्षती भएको। |
| | | २०५४ | वडा नं. ६ को हेरुदेखि अवलतडासम्म | लगभग २५ रोपनी जमिन क्षति, जसमध्ये वारी २० रोपनी र खेत ५ रोपनी वगाएको । |
| | | २०५५ | वडा नं. ६ को हेरु गल्छिनादेखि बडावल खेतसम्म | वनजङ्गलको क्षति र वाटोघाटो अवरोध हुनाको साथै खेत २५ रोपनी र वारी ५ रोपनी जति क्षति भएको । |
| | | २०५६ | वडा नं. ७ को मालभ्फुला | ५ घर पहिरोले पुरिएर भत्काएको, करिब २०० रोपनी खेतीयोग्य जमिन पुरिएको, वस्ती अन्य स्थानमा सार्नु परेको । |
| | | २०५७ | वडा नं. ६ को मुलाको पहिरो, उदेनाको पहिरो | करिव २० रोपनी जति जमिनको क्षति गरेको, पानीका मुलहरुलाई असर, चरणक्षेत्र मासिएको । उदेनाको पहिरोले करिव २५ रोपनी जति वारी क्षति गरेको र सयौको संख्यामा रुखहरु क्षति गरेको । |
| | | २०५८ | वडा नं. ६ को ओक्सेनीदेखि गुयलीखोला सम्म, भिउसटोल वडा नं. ७ | करिब २० रोपनी खेतीयोग्य जमिन बगाएको, धेरै घरहरुलाई जोखिममा पारेको, निगाला, बाँस, केराका विरुवाको क्षति भएको, ५ वटा भन्दा बढी वाटोहरु अवरुद्ध भएको, ठूलो भूभाग भासिएको, धेरै जंगलमा क्षति पुगेको, चिउरेकुना टोलमा ५ घर जोखिममा रहेको । |
| | | २०६१ | वडा नं. ३ र ८ | धोली खोलाको ठुलधारा खेत किनारमा २०० रोपनी जग्गाको उत्पादन वगाएर लगेको, वडा नं. ८ मा खेती योग्य जमिन कटान हुँदै वस्तीहरु जोखिममा र सिंचाई कुलोहरु भत्किदै गएको । |
| | | २०६३ | वडा नं. २ र ८ मा | भौतिक संरचना (बाटोघाटो, घरहरु) भत्केको। ४ हेक्टर जंगल विनाश भएको, खेतीयोग्य जमिन भत्किएको, वस्ती जोखिममा परेको, प्रत्येक वर्ष जमिन भाँसिदै गएको, सिंचाई कुलाको क्षति भएको । |
| | | २०६४ | वडा नं. २ | २ विघा खेतीयोग्य जग्गा क्षति भएको, ३ गोरु र ५ गाई वगाएको, मुहान दूषित भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | २०६५ | वडा नं. १ | झोलुङ्गे पुल भत्काएको, साल्ताराको १० रोपनी खेतीयोग्य जमिन बगाएको । |
| | | २०६६ | वडा नं. ७ जुँगाटोल | २ घर पुरिएर भत्किएको, करिब ९० रोपनी खेतीयोग्य जमिन पुरिएको, १ वटा खानेपानी योजना र १ वटा घट्टमा क्षति पुगेको, ३५ घरधुरीको १५ रोपनी खेती योग्य जमिन नष्ट भएको, पानी मुहान, वाटो र ९ रोपनी जग्ग बगाउनुको साथै लोतपाखामा १ घर भत्काएको । |
| | | २०६८ | वडा नं. ५ मा कुडिगाउँ टोल, वडा नं. ६ को पाल्तमा | करिब ३० रोपनी खेतीयोग्य जमिन पुरिएको, १९ वटा घरधुरी पहिरोको जोखिममा, ३ रोपनी जग्गा बगाउनुको साथै ४ वटा बाटोलाई क्षति गरेको, १ गोरु मरेको र १ जना मान्छेलाई घाइते बनाएको । ठुलोखोलाको सेरोफेरोमा भएका १५ रोपनी खेत पुरेको, १ वटा ट्रस व्रिज वगाएको । |
| | | २०६९ | वडा नं. ७ को दुवाडीपानी मुलमा | १ वटा घर पुरिएको, १ जना मान्छे वगाएर मृत्यु । |
| | | २०७० | वडा नं. ५ मा नाहेकडेरा टोलमा वडाखोला, नाउलाखोला, थाडाढुंगा, धामिडेरा टोल | १ वटा आरन वगाएको, १ चर्पी र १ वटा घरको आँगन पुरिएको, १०० रोपनी खेतीयोग्य जमिन पहिरोले बगाएको, करिव ७७ रोपनी खेतीयोग्य जमिन पुरिएको, वडा नं. ८ मा वनजंगलमा क्षति, सिंचाई कुलोमा असर परेको । |
| | | २०७१ | वडा नं. ५ अतरछाना टोलमा | १२ रोपनी जमिन र ३ वटा घरधुरी जोखिममा पारेको र कोहरेली खोलामा ५० रोपनी जमिन, ८ देखि ९ घरधुरी पहिरोको जोखिममा परेको । |
| | | २०७३ | वडा नं.७, जुँगाटोल, सात थाल्ने पहिरो, वडा नं. ३ र ९ | न्याउलीखोला पहिरो, १० रोपनी खेतमा क्षति, २ घर जोखिममा, खेतबारीमा क्षति, मानिस हिड्ने वाटो वगाएको, ५ घरको जग्गामा क्षति भएको, मानव वस्ती विस्थापित भएको, सिंचाई कुलोमा क्षति पुगेको जसले गर्दा ५० रोपनी जग्गामा खेती गर्न वञ्चित रहेको । |
| | | २०७७ | जुँगा खोला, इन्द्र टोल, भैलालटोल, पानीखाल टोल, परीखोरिया टोल, माझगरा टोल, पैरापाखा, ढाँडपखेरा | भिउस खोलाले ३०० रोपनी खेती योग्य जमिनमा क्षति गरेको, कुलो वगाएको, जनता प्राविमा क्षति, घट्ट वगाएको । ५० देखि ६० रोपनी खेत तथा वनजंगलमा क्षति, १ घरमा क्षति, ५ घर जोखिममा । |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपाखोला, पाखा, कोइरालो, केटारेमारे, देउनी, काँफलगैरी, डाँडागाउँ खोला पहिरो वडा नं. ६, रक्नत खोला, वुरुसे खोला | खेतको कुलो वगाएको, खेतमा क्षति, ढाडखोला खानेपानी आयोजना प्रभावित । धोली खेत पहिरो, ८० देखि ९० रोपनी जग्गा खेत तथा जंगलमा क्षति, खानेपानीमा क्षति, १ घरमा क्षति तथा १० घर जोखिममा, ३ घट्ट वगाएको, तिदु खोलादेखि मडी खोला सम्म भाँसिएको, मसानघाटमा क्षति पुऱ्याएको । तारजाली वगाएको, खेतबारी गरी करिब १००० रोपनीमा असर गरेको, वनजंगलमा क्षति गरेको । वडा कार्यालय भवन बगाएको, १०० रोपनी खेत पुरेको । |
| २ | खडेरी | २०५४ | गाउँपालिकाभरि | वडा नं. ७ मा करिब ५०० रोपनी जग्गामा लगाएको धानवाली र गहुँ वालीलाई नोक्सान पुऱ्याएको, करिब ५० वटा पानीको मुहानहरु सुकेको, तरकारी, फलफूल खेतीलाई नोक्सान, बन डढेलो । |
| | | २०५८ | गाउँपालिकाभरि | वडा नं. ४ मा खेतमा लगाएको धान खेतमै सुकेको र अन्य वालीहरुको पनि उत्पादन राम्रो नभएको, सिंचाई कुलोहरुको तथा खानेपानीको मुलहरु सुकेको, शुद्ध खानेपानीको अभाव भएको । |
| | | २०६३ | गाउँपालिकाभरि | वडा नं. ६ मा धानखेतीमा असर परेको, गहुँको उत्पादनमा कमी आएको, पानीका मूलहरु सुकेको, कृषि उत्पादनमा अत्यधिक ह्रास आई भोकमरीको अवस्था सृजना भएको । |
| | | २०७४ | गाउँपालिकाभरि | बाली लगाउन समस्या, उब्जनीमा कमी । |
| | | २०७७ | गाउँपालिकाभरि | बाली लगाउन समस्या, उब्जनीमा कमी । |
| ३ | आगलागी | २०५८ | लिस्पानी वडा नं. ८ | १ घर पूर्ण क्षति, सरसामान सबै नष्ट । |
| | | २०७० | वडा नं. ५ | १० जना जलेर घाइते भएको । |
| | | २०७५ | जुँगाटोल, रातापाखा, ताँगाटोल | १००० भन्दा धेरै रुखमा क्षति पुगेको, साना वोटविरुवा सबै नष्ट, आगो निभाउन जाँदा १ जनाको मृत्यु । |
| | | २०७७ | नाउटोलमा वडा नं. ८, जुँगाटोल, ताँगाचुला वडा नं. ३ | १ हल गोरु जलेको, लत्ताकपडा जलेको, आगलागीका कारण ठूलो क्षति भएको । |
| ४ | चट्याङ | २०६५ | वडा नं. ७ | १ जना मानिस घाइते भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | २०६९ | जुँगाटोल वडा नं. ७ | १ जना मानिसको मृत्यु भएको । |
| | | २०७१ | धिरपन्नामा | २ वटा गाई, १ वटा वाखा मरेको, १ वटा सोलार सेट र १ वटा घरमा क्षति भएको । |
| | | २०७३ | वडा नं. ९ | एक घरमा क्षति, ४ भैसी, १ वाखा र १ राँगो मरेको, सोलारमा क्षति, |
| | | २०७४ | वडा नं. ८ चाटामा | २ गाई, १ वाखा र १ गोरु मरेको । |
| | | २०७५ | डुमाखोला वडा नं. ८ | २ वटा भैसी, १ वाखा, १ राँगा मरेको, १ घरमा सामान्य क्षति । |
| | | २०७६ | लिस्पानी वडा नं. ८ मा | २ वटा वाखा मरेको । |
| ५ | असिना | २०५३ | वडा नं. ६ को लेकाली वस्तीहरुमा | करिव ३० विगाहा भन्दा बढी जग्गाको गहुँ, तोरी, जौ लगायत अन्य फलफूलहरु काफल, स्याउ, चुत्रा, टिमुर आदिमा क्षति भएको । |
| | | २०५४ | वडा नं. ६ को सुँगुरखाल, लोतपाखा, ठाकुरजात टोलमा | धान खेतीमा ५० प्रतिशत क्षति । |
| | | २०५६ | वडा नं. ६ को सुँगुरखालमा | गहुँ, जौ आदिमा क्षतिले गर्दा खाद्यान्नको अभाव । |
| | | २०७१ | वडा नं. ५, ७ | करिव ५००० रोपनीमा लगाएको गहुँ, जौ, धान, मास, भट्ट, कोदो खर्ती नष्ट, तरकारी तथा फलफूल खेती नष्ट । |
| | | २०७३ | वडा नं. ६ र ८ | गहुँ, जौ आदिमा ४० प्रतिशत क्षति, फलफूलमा हानी पुऱ्याएको । |
| | | २०७४ | वडा नं. ६, ९ | धान, मकै, कोदो, गहुँ, जौ, सुन्तला उत्पादनमा ७५ प्रतिशतले कमी, जंगली जनवारहरु, चराचुरुङ्गीलाई समेत असर गरेको, फलफूलहरु विनाश, नल समेत काट्न नपाएको । |
| | | २०७७ | वडा नं. ६, ९ | मकै वाली क्षति गरेको । |
| ६ | रोगकीरा | २०६० | वडा नं. ६, ५ | मकैमा कीरा लागेको, उत्पादनमा २० प्रतिशत कमी भएको, घैया धानमा गुवारोग लागेर ५० प्रतिशत आलुमा रातो कमिलाको कारण ६० प्रतिशत र सुन्तला, केरा आदि फलफूलमा विभिन्न रोगका कारण ५० प्रतिशत उत्पादन ह्रास । |
| | | २०६८ | वडा नं. ६, ९ | मकै, तरकारी तथा घाँसपातमा कीराहरुको प्रकोप देखिएको, आलुमा प्रत्येक वर्ष रोग, धानमा गुभा कुहिने, गहुँमा जरा काट्ने, केराको वीउ नै उपलब्ध हुन छोडेको, सिमी, वोडी, पिडालुमा पनि रोग |

| | | | | |
|---|---|---|---|---|
| | | | | देखिएको । |
| | | २०७७ | सबै वडामा | फौजीकिरा र सलहले अन्नवाली सखाप पारेको । |
| ७ | झाडापखाला | २०६६ | सबै वडा | करिब १२ जनाको मृत्यु भएको । |
| ८ | मानव वन्यजन्तु द्वन्द्ध | वर्षेनी | सबै वडामा | धान, मकै, गहुँ तथा अन्य अन्नवाली तथा फलफूलमा क्षति पुऱ्याउने गरेको । |
| ९ | हावाहुरी | वर्षेनी | सबै वडामा | वडा नं. २ मा १ जनाको रुख ढलेर मृत्यु भएको र वडा नं. ३ मा १ घर भत्केको । |
| १० | मिचाहा प्रजाति | २०६० यता | सबै वडामा | बालीनालीमा क्षति पुऱ्याएको । |
| ११ | कोभिड १९ | २०७६ | सबै वडा | वडा नं. ६ मा १ जनाको मृत्यु, आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक प्रभाव परेको । |
| १२ | भूकम्प | २०७२ | सबै वडाहरु | घरहरु चर्केको । |
| १३ | सडक दुर्घटना | २०७८ | वडा नं. २, ३ र ५ | वडा नं. २, ३ र ५ मा जम्मा ३ जनाको मृत्यु भएको । |
| १४ | भूकम्प | २०८० कार्तिक १७ | सबै वडाहरु | ३८ घरहरु पूर्ण रुपमा र २,७६८ घरहरु आंशिक रुपमा क्षति भएको । |

जंगली जनावरहरुको लागि आवश्यक र पर्याप्त खानेकुराको अभाव बढ्दै गएकाले यस्ता जनावहरहरु वस्तीमा आई खेतीवाली नष्ट गर्ने क्रम बढ्दै गएको छ । छाडा छोडिएका पशुचौपायाहरुले समेत खेतमा लगाएको अन्नबाली नष्ट गर्ने गरेका छन् । तरकारी, अन्नबाली र पशुचौपायाहरुमा रोग/किटाणुको समस्या बढ्दै गएको छ । जलवायु परिवर्तनका कारण भविष्यमा मौसमजन्य प्रकोपहरुको प्रकृति, मात्र र यसबाट हुने क्षति अझै बढ्न सक्ने अनुमान गरिएको छ ।

## २.३.२ संकटासन्नता नक्साङ्कन :

भिरालो जमिनको भाग गुरुत्वाकर्षण र अन्य वाह्य कारक तत्वबाट (वर्षा, भूकम्प आदि) तल खस्ने वा चिप्लने प्रक्रियालाई पहिरो भनिन्छ । अत्यधिक वर्षाको कारण जमिनको शक्ति क्षयीकरण हुन्छ र पहिरो जाने सम्भावना रहन्छ । गत २० वर्षमा शिवालय गाउँपालिकामा कूल ४३ वटा पहिरोको घटना भएको पाइएको छ । यी पहिरोहरु ०.१३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएका छन् । पहिरोका घटनाहरु शिवालय गाउँपालिकाका ९ वडाहरु मध्ये वडा नं. ६ मा सबैभन्दा धेरै र वडा नं. ४, ५ र ९ मा सबैभन्दा कम रहेका छन् ।




**शिवालय गाउँपालिकाको पहिरोको अवस्था**

शिवालय गाउँपालिका पहाडी भूभागमा अवस्थित भएको हुनाले तथा यहाँको भूगर्भ कमजोर भएको कारण पहिरोको उच्च जोखिममा रहेको छ । यस गाउँपालिकाको कूल क्षेत्रफलको १८.७८% कम जोखिम, ४१.७५ % मध्यम जोखिम र ३९.४७% उच्च जोखिम क्षेत्रमा पर्दछन् ।




**शिवालय गाउँपालिकाको पहिरो जोखिम नक्सा**

कुनैपनि नदी वा खोलाको जलस्तर सामान्य भन्दा बढी हुँदाको अवस्थालाई बाढीको रुपमा लिइन्छ। शिवालय गाउँपालिकाको लागि बाढी प्रकोप नक्सा तयार गरिएको छ। यस गाउँपालिकाका नदी तथा खोला क्षेत्र वरपर ३.५% कम जोखिम, ३.८% मध्यम जोखिम र ९२.६% उच्च जोखिममा रहेका छन्। छेडा खोला, भिउस खोला तथा यसका सहायक खोला वरपर र यसको जलाधार क्षेत्रमा रहेका खहरे खोलाहरुमा बाढीको ठूलो समस्या रहेको छ। छेडा खोला, भिउस खोला वरपर ठूलो भूभागमा जस्तै : वडा नं. १, २, ३, ४, ५, ६, ७, ८ र ९ मा बाढीको मुख्य समस्या रहेको छ।




**शिवालय गाउँपालिकाको बाढी जोखिम नक्सा**

## २.३.३ शिवालय गाउँपालिकाको संकटासन्न वस्तीको विवरण :

| प्रकोप | संकटासन्न बस्ती |
|---|---|
| खडेरी | सिमा बस्ती, शिवालय ऐरेली, राक्म बस्ती, टाँगा, नान्ने, पोखरा, बस्नेउडा, दह, मान्टुरा, लयाँटा, लिस्पानी, झुसेमारा, पाखा, दलित टोल, टाटेडाँडा, नाउँ |
| पहिरो | दमाई टोल, सुनार टोल, शिवालय बजार, सिमा बस्ती, रावत टोल, निमनीपातल, राक्म खोला, डोलिखोरिया, भैला हाल्ने बुढा टोल (३० घर), इनजा औल टोल (१७ घर), पिप्से परखोरिया टोल (१२ घर), धोला दलित र अन्य), सिमा (सातेपाखा कृषकहरु), नायक डेराटोल (दलित र अन्य घर वस्ती जोखिम), बडाखोला, काउला ( वाह्रपोखराका सबै समुदाय), साहुखोला (क्षेत्री, ठकुरीका जग्गा र घर), काउला (धामी डेरा), दलित टोल, अत्तर दाला टोल, कोइरेली खोला (दलित र अन्य), मालुमेला, तिडुखोला, सेरीकोट, खिर्का, भिउस, जुँगा र बुर्दा बस्ती, लिस्पानी टोल, दह टोल, लयाँटा, उखाते, निकाल खोली, नान्ने, जामुना टोल, ढाडखोला, जुकाने |
| हावाहुरी | गाउँपालिकाका सबै वडा बस्ती |
| बाढी | लहेटा टोटासिमल, बहिगढी टाड्के, नेपा खोला खेत, वडा नं. ४ भैला हाल्ने बुढा टोल (३० घर), इनजा औल टोल (१७ घर), पिप्से परखोरिया टोल (१२ घर), बडाखेत (सबै समुदाय), कल्याण (दलित र अन्य), अलैचीबारी (घाक्स खोला), ठकुरी समुदाय, मन्टुरा सेरा देखि वडाखेत सम्मका नदी किनार क्षेत्र, मिलबजार आसपासका समुदायहरु |
| असिना | घोडेछान, काँडा टोल, राक्म, सिम, काउला, लिस्पानी, डुमाखोला, मौरीवाजकाँडा, |

| | |
|---|---|
| | दुनि खनि खर्क, पोखरा, नान्ने, लयाँटा, मान्टुरा, झुसेमारा, पाखा, बस्नेउडा क्षेत्रका समुदाय |

### २.३.४ प्रकोपको स्तरीकरण :

यस विधिको प्रयोगबाट ऐतिहासिक घटनाक्रम तथा प्रकोप नक्साङ्कनबाट पहिचान गरिएका शिवालय गाउँपालिका अन्तर्गतका ९ वटा वडाहरुमा विभिन्न जलवायुजन्य प्रकोपहरु मध्ये सबैभन्दा बढी असर तथा प्रभाव पारेको प्रकोप कुन हो भनी विश्लेषण गर्दै स्तरीकरण गरिएको थियो । स्तरीकरणका आधारमा आगलागी प्रमुख प्रकोपको रुपमा देखा परेको छ । खडेरी, पहिरो, बाढी, रोगकीरा, मानव वन्यजन्तु द्वन्द्व, असिना, मिचाहा प्रजाति र चट्याङ यस गाउँपालिकाको प्रमुख प्रकोपहरुका रुपमा रहेका छन् । सबै वडाहरुमा आगलागी हुने गरेको र क्षति पुऱ्याउने गरेकोले आगलागी प्रमुख प्रकोप भएको हो ।उक्त स्तरीकरणबाट आएको सूचनालाई आधार मानी गाउँपालिकाको प्रकोप स्तर निर्धारण गरिएको छ । यस प्रकार गरिएको गाउँपालिकाको प्रकोप स्तरीकरण निम्न रहेको छ ।

| मुख्य विपद् | अंकभार | स्तर |
|---|---|---|
| आगलागी | ९ | पहिलो |
| खडेरी | ८ | दोस्रो |
| पहिरो | ७ | तेस्रो |
| बाढी | ६ | चौथो |
| रोगकीरा | ५ | पाँचौ |
| मानव वन्यजन्तु द्वन्द्व | ४ | छैठौं |
| असिनापानी | ३ | सातौं |
| मिचाहा प्रजाति | २ | आठौं |
| चट्याङ | १ | नवौं |

### २.३.५ वडागत संकटासन्नता :

शिवालय गाउँपालिकाको विपद् व्यवस्थापन, क्षमता विश्लेषण र जलवायुजन्य जोखिमसँग सम्वन्धित सूचना संकलनका लागि स्रोत साधनको वितरण प्रणाली र त्यसमा समुदायको पहुँच विश्लेषण, जोखिम, संकटासन्नता तथा स्रोत नक्साङ्कन, जोखिम तथा प्रभाव लेखाजोखा, संकटासन्नता, जलवायु अनुकुलन क्षमता लेखाजोखा, उच्च अनुकुलन क्षमताको अनुमान, सेवा प्रदायक संघ संस्था विश्लेषण मार्फत समुदायको स्तरीकरण गरिएको थियो । यो विधि अनुसार जोखिमका असरहरुको सम्वेदनशीलता, सम्मुखता र अनुकुलन क्षमतामा आधारित भई विभिन्न जोखिम र अनुकुलित हुने क्षमताको लेखाजोखा गर्दै स्तरीकरण गरिएको छ । जस अनुसार वडाको संकटासन्नतालाई तलको नक्सामा प्रस्तुत गरिएको छ ।




**शिवालय गाउँपालिकाको वडागत संकटासन्नता नक्सा**

## २.३.६ प्रकोपका कारण, प्रभाव र जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय :

शिवालय गाउँपालिकाका सम्भावित प्रकोप, कारण, प्रभाव, जोखिम न्यूनीकरणका उपाय सहितको विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | प्रकोप | कारण | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|
| १ | भूकम्प | • भौगोलिक वनावट<br>• अव्यवस्थित बसोबास<br>• भूकम्प प्रतिरोधी भवनहरु निर्माण नगर्नु<br>• दक्ष कामदारको | • मानवीय क्षति<br>• भौतिक संरचनामा क्षति<br>• विभिन्न निकायले दिने नियमित सेवा अवरुद्ध<br>• वृद्धवृद्धा, वालवालिका, अशक्त,अपांगता भएका व्यक्तिहरु, | • भूकम्प प्रतिरोधी घर बनाउने, पूर्व तयारीमा रहने, प्राविधिक रुपले जोखिमयुक्त ठाउँमा नवस्ने<br>• जनचेतनाका लागि कृत्रिम घटना अभ्यास |

| | | | | |
|---|---|---|---|---|
| | | अभाव<br>● कच्ची भवनहरु निर्माण हुनु | सुत्केरी, गर्भवती महिलालाई बढी असर<br>● मनोसामाजिक समस्या<br>● लैंगिक हिंसा<br>● यौन शोषण र दुर्व्यवहार | कार्यक्रम संचालन गर्ने<br>● सुरक्षित आवास निर्माण अनिवार्य गर्ने<br>● बसोबासलाई व्यवस्थित गर्दै लैजाने<br>● भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्ने |
| २ | आगलागी | ● खडेरी<br>● हुरी बतास<br>● वन जंगल फडानी<br>● खाना पकाउँदा वा आगो ताप्दा वा विद्युतीय उपकरण प्रयोग गर्दा होस नपुर्‍याउनु<br>● वन व्यवस्थापन नीति नहुनु | ● जनधनको क्षति, मृत्य, घाइते<br>● बसाईसराई<br>● बालबालिका, बृद्धबृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरु प्रत्यक्ष मारमा<br>● घर तथा जंगल नष्ट हुनु | ● अग्नि रेखा निर्माण<br>● सुधारिएको चुलोको प्रयोग<br>● वैकल्पिक उर्जा प्रयोगमा जोड<br>● सुख्खा याममा विशेष सावधानी अपनाउने<br>● वनजंगलमा आगो नलगाउने<br>● जनचेतनाका लागि कृत्रिम घटना अभ्यास कार्यक्रम संचालन गर्ने<br>● वन जंगल सुरक्षाको लागि स्थनीय कानुन निर्माण |
| ३ | बाढी/पहिरो | ● कमजोर र भिरालो भू बनोट<br>● अव्यवस्थित खेतीपाती, अति चरिचरण<br>● अव्यवस्थित बसोवास तथा विकास निर्माण | ● भूक्षय<br>● खेतीयोग्य जमिनको क्षति<br>● सडक अवरोध<br>● जनधनको क्षति<br>● पानीको स्रोत सुक्ने<br>● वालीनाली | ● वृक्षारोपण<br>● सडक निर्माण गर्दा आवश्यक मापदण्ड पालना गर्नुपर्ने<br>● भारी उपकरणको दुरुपयोग गरी भिरालो |

| | | | | |
|---|---|---|---|---|
| | | • वन विनाश, कमजोर भू वनोट, खुकुलो जमिन<br>• ढुंगा, गिट्टी, बालुवाको अत्यधिक दोहन<br>• दिगो विकासको अवधारणा अनुरुपको ज्ञान समुदायलाई नुहुन<br>• अवरिल वर्षा<br>• नदीको अतिक्रमण तथा धार परिवर्तन | विनाश<br>• आर्थिक व्यय बढ्ने<br>• विपन्न किसानहरुलाई असर, वसाईसराई<br>• भूकम्प पश्चातको पहिरोको कारण जंगल क्षेत्र समेत विनाश | जमिनको अत्यधिक कटान गर्ने<br>• आवश्यकता अनुसार तटवन्ध निर्माण<br>• व्यवस्थित वसाईसराई<br>• पहिरो जान सक्ने पाखाहरुमा वायो इन्जिनियरिंग प्रविधि अपनाउने<br>• विपन्न र प्रभावित परिवारलाई सहयोग गर्ने<br>• जनचेतनाका लागि कृत्रिम घटना अभ्यास कार्यक्रम संचालन गर्ने |
| ४ | चट्याङ | • प्राकृतिक कारण<br>• चट्याङ सुरक्षा प्रणाली जडान नगरी घर निर्माण गर्नु<br>• चट्याङ पर्ने बेला के गर्ने के नगर्ने भन्ने चेतनाको अभाव<br>• विद्युतीय उपकरणको सही प्रयोग नगर्नु<br>• घर छेउ अग्ला | • मानवीय क्षति ( मृत्यु, घाइते)<br>• भौतिक क्षति, आगलागी<br>• विद्युतीय उपकरणहरुमा क्षति<br>• मनोसामाजिक असर<br>• पशुपंक्षीको क्षति | • घर वरिपरि अग्ला रुख भए काट्ने<br>• विद्युतीय सामग्री प्लगबाट छुट्याएर राख्ने<br>• जनचेतना जगाउने<br>• सुरक्षित स्थानमा चप्पल, जुत्ता लगाएर बस्ने<br>• पूर्व सूचना प्रणालीको व्यवस्था गर्ने<br>• चैत्र, बैशाख र |

| | | | | |
|---|---|---|---|---|
| | | रुखहरु हुनु | | जेठ महिनाको अपरान्ह समयमा घर बाहिर ननिस्कने |
| ५ | महामारी | • प्रदूषित खानेपानी<br>• सरसफाइ र चेतनाको कमी<br>• सूक्ष्म जीवाणु जस्तै : व्याक्टेरिया, भाइरसको आक्रमण | • मृत्यु र मृत्युको भय,<br>• भोकमरी तथा गरीबी बढ्ने,<br>• बालबालिका, बृद्धबृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरु प्रत्यक्ष मारमा पर्ने,<br>• लैगिंक हिंसा बढ्ने | • सचेत हुने<br>• रोग पहिचान गर्ने र समयमै उपचार गर्ने<br>• खानेपानी मुहान संरक्षण<br>• प्रशस्त पानी, पोषिलो खानेकुरा खाने<br>• बालबालिका, बृद्धबृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरुको विशेष हेरचाह गर्ने<br>• पानीको शुद्धता तथा व्यक्तिगत सरसफाइलाई अभियानको रुपमा संचालन गर्ने<br>• सार्वजनिक तथा निजी शौचालय निर्माण<br>• स्थानीय प्रशासन तथा स्वास्थ्य निकायले जारी गरेको मापदण्डलाई पालना गर्ने<br>• मनोवैज्ञानिक परामर्श सेवा |

| | | | | |
|---|---|---|---|---|
| ६ | मानव वन्यजन्तु द्वन्द्ध | • वनजंगल अतिक्रमण<br>• जंगलमा खानेकुरा तथा पानीको अभाव<br>• खेतीयोग्य जमिन बाँझो हुनु | • जनधनको क्षति<br>• वसाईसराई<br>• रेविज रोगको संक्रमण बढ्ने<br>• बालबालिका, बृद्धबृद्धा, महिला एवं अपांगता भएका व्यक्तिहरु आक्रमणको सिकार हुनु | • स्थानीय जंगलमा फलफूल प्रजातिका विरुवाहरु लगाउने ।<br>• पानीको स्रोत संरक्षण गर्ने तथा हेरालुको व्यवस्था गर्ने |

## २.४ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण :

यस क्षेत्रमा बाढी/पहिरोले विगत वर्षहरुमा धेरै क्षति गरेको छ । विगत वर्ष जत्तिकै ठूलो वर्षा भएमा धेरै घरपरिवाहरु प्रत्यक्ष प्रभावित हुन सक्ने देखिन्छ ।
यस क्षेत्रमा जलवायु परिवर्तनको प्रक्षेपण अनुसार भविष्यमा वर्षा हुने दिनहरु घट्ने तर कुल वर्षा बढ्न सक्ने आँकलन भएकोले भविष्यमा बाढी पहिरोको जोखिम बढ्ने सम्भावना देखिन्छ । अव्यवस्थित वसोवास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढ्दै गएकोले यसबाट पनि जोखिम बढ्न सक्ने देखिएको छ । तसर्थ आपत्कालीन व्यवस्था गर्न सक्ने गरी बाढीपहिरोको विपद् पूर्वतयारी गर्न आवश्यक देखिन्छ ।

वर्षेनी सुख्खा याममा (चैत, बैशाख, जेष्ठ महिनामा) आउने गरेको हावाहुरीको कारणले भौतिक तथा आर्थिक क्षति हुने गरेको छ । साथै चट्याङ, सडक दुर्घटना जस्ता विपद्बाट समय समयमा गाउँपालिकावासी मारमा परेको पाइन्छ ।

सुख्खा/खडेरीले वर्षेनी अन्नबाली उत्पादनमा कमी आएको देखिन्छ । हिउँद याममा पानीको मूल सुक्दै गएको र बढ्दो तापक्रमको कारणले भविष्यमा यस क्षेत्रमा सुख्खा/खडेरीको अवस्था झन् जटिल हुन सक्नेछ । तसर्थ खडेरीका कारण हुने विपद् पूर्वतयारी गर्नुपर्ने हुन सक्दछ ।

वन जंगल विनाशका कारण पर्याप्त खानेकुराको अभावमा जंगली जनावर वस्तीमा आउने क्रम बढेको र यसबाट अन्नबाली नोक्सानीका घटना बढिरहेको गुनासाहरु आउने गरेका छन् । भविष्यमा बाढी, सुख्खा/खडेरी, आगलागी मिचाहा प्रजातिको वनस्पतिको प्रकोप आदिका कारण वनमा जनावरको लागि आवश्यक चरिचरण तथा वासस्थानको थप विनाश भई खेतीबाली र वस्तीमा जंगली जनावरहरु आउने क्रम अझ बढ्न सक्ने देखिन्छ । यसबाट मानव तथा वन्यजन्तुवीच द्वन्द्ध बढ्दै जान सक्ने सम्भावना देखिएको छ । हरेक वर्ष खडेरी लगातार बढ्दै गएमा कतिपय वन्यजन्तुको संख्या घट्ने वा मासिन सक्ने सम्भावना समेत रहेको छ । संरक्षणका प्रयासहरुले मानव वन्यजन्तु द्वन्द्ध समाधान गर्न सकिने हुँदा यसतर्फ विशेष ध्यान दिन जरुरी देखिएको छ ।

विकास तथा जीविकोपार्जनको लागि गरिने क्रियाकलापहरु जोखिम न्यूनीकरण गर्ने, उत्थानशील क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनको असरको सामना गर्न अनुकूल हुनेगरी संचालन गर्ने व्यवस्था नमिलाएसम्म अन्य प्रकोपहरुबाट पनि यस गाउँपालिकामा जोखिम बढ्ने सम्भावना देखिन्छ ।

सामान्यतया विपद्ले सबै व्यक्तिलाई एकैसाथ प्रभाव पारेपनि सबैभन्दा जोखिम समूह जस्तै : विपन्न परिवारहरु, सीमान्तकृत समुदाय, महिला, बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिहरु बढी जोखिममा पर्दछन् । त्यसैले विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, उत्थानशील क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनको असरको सामना गर्ने क्रियाकलाप तय गर्दा जोखिम समूहलाई केन्द्रविन्दुमा राख्न सकेमात्र आगामी दिनमा हुन सक्ने सम्भावित क्षति कम गर्न सक्ने देखिन्छ ।

## २.५ पूर्वसूचना प्रणालीको अवस्था :

यस गाउँपालिकामा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना भएतापनि भारी वर्षा, हावाहुरी, चट्याङ जस्ता विषम मौसम र बाढी, पहिरो, डढेलो, आगलागी लगायतका प्रकोपको पूर्वसूचना प्रणाली स्थापना गरिएको छैन । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सम्पर्क गरी विषम मौसम तथा बाढी, पहिरो जस्तो विपद्को सूचना आदान प्रदान गर्ने गरिएको छ । तल्लो तटीय क्षेत्रमा बस्ने समुदायले माथिल्लो तटीय क्षेत्रमा बस्ने समुदायबाट नदी सतह गेज रिडरलाई सिधै सम्पर्क गरी सूचना प्राप्त गर्ने गरिएको छैन ।

## २.६ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था :

यस गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ ।स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ८ वटा विषयक्षेत्र हेर्न अगुवा संस्था तोकी सम्वन्धित विषयक्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ ।

यस गाउँपालिकामा विपद् शाखा स्थापना गरिएको छ र उक्त शाखा हेर्नलाई विपद् सम्पर्क व्यक्तिलाई जिम्मेवारी दिइएको छ । यस गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । यस गाउँपालिकामा विपद् व्यवस्थापन सम्वन्धी नीति, ऐन, नियम, मार्गदर्शन तथा आवश्यक मार्गदर्शनहरु बन्ने क्रममा रहेका छन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७९ ले व्यवस्था गरे अनुरुप शिवालय गाउँपालिकामा स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्र (Local Emergency Operation Center-LEOC) स्थापना भइसकेको छ । स्थानीय विपद् व्यवस्थापन समितिको अगुवाइमा विपद्को अवस्थामा प्रतिकार्यका लागि अविछिन्न स्थानीय रुपमा समन्वय गर्ने निकायको रुपमा कार्य गर्न स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्र मार्फत नियमित कार्य भइरहेको छ । स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रको संचालन कार्यविधि स्वीकृत गरी केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाउने योजना रहेको छ ।

## २.७ विषयक्षेत्र तथा कार्य जिम्मेवारी :

यस गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय वमोजिमका  ८ वटा विषय क्षेत्र निर्धारण गरी देहाय वमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको छ ।

### २.७.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र :

यस विषय क्षेत्रले समयमा सम्पूर्ण सरोकारवालाहरुसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउन सक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय संचार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाइतेलाई उद्धार गर्ने, हराएकाहरुको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरुलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.७.२ खाद्य तथा कृषि क्षेत्र :

यस विषय क्षेत्रले विपद्को अवस्थामा प्रभावितहरुलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा वसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.७.३ स्वास्थ्य तथा पोषण क्षेत्र :

यस विषय क्षेत्रले विपद्मा घाइते भएकाहरुको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरु अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाइतेलाई अस्पतालसम्म पुर्‍याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा वालवालिकामा पोषणको कमी भएमा त्यसबाट हुन सक्ने समस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । साथै यस विषय क्षेत्रले महामारीको संक्रमण रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ ।

### २.७.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र :

यस विषय क्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका वोटविरुवाहरु हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरु सरसफाइ गर्ने, मरेका पशुपंक्षीहरुको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाइको लागि स्वच्छता सम्वन्धी सरसामानहरु (जस्तै : हाइजिन किट, पियुष, क्लोरिन, डस्टविन) उपलव्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.७.५ आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र :

यो विषय क्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरुलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरुलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.७.६ संरक्षण तथा सुरक्षा क्षेत्र :

यस विषय क्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरु, शिशु, बालबालिका, बृद्धबृद्धाहरुलाई संरक्षण गर्ने, उनीहरुको आवश्यकता बमोजिमका सरसामानहरु जस्तै : सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलव्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरु तथा विपद्का कारण त्रसित व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.७.७ आपत्कालीन शिक्षा क्षेत्र :

यस विषय क्षेत्रले विपद्को कारण विद्यालय तीन दिनभन्दा बढी बन्द भएमा विद्यार्थीहरुलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामाग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरु नष्ट भएमा पुनः व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

## २.७.८ शीघ्र पुनर्लाभ क्षेत्र :

यस विषय क्षेत्रले विपद्को कारण अवरुद्ध हुन पुगेका अत्यावश्यक सेवाहरु (जस्तै : सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारु गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरुमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ ।

# परिच्छेद-तीन
# पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना :

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरु समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेसिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन् । यस विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयारी तथा अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो ।

गाउँपालिकामा बाढी, पहिरोको विपद् न्यूनीकरण गर्न देहाय बमोजिम पूर्वतयारी योजना तर्जुमा गरिएको छ ।

क) विभिन्न प्रकारको जनशक्ति : वर्षाको पूर्वसूचना प्राप्त गर्ने र सम्प्रेषण गर्ने टोली, समुदायमा पहिरो भल, ढुंगा खस्ने जोखिम निगरानी गर्ने टोली तयार गरी तालिम तथा अभ्यास गर्ने ।

ख) सामान्य खालको उद्धार र कुनै घाउचोट भएमा प्राथमिक उपचार गर्ने टोली तयार गरी तालिम तथा प्राथमिक उपचार सामग्रीको व्यवस्था गरिनेछ ।

ग) गाउँपालिकामा विभिन्न विषयक्षेत्रमा ८ वटा कलष्टर गठन गरी परिचालन गरिएको छ ।

घ) गाउँपालिकामा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको छ ।

समग्र पूर्वतयारी क्रियाकलाप देहाय अनुसार तर्जुमा गरिएको छ ।

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | पहिरो तथा ढुंगा खस्ने जोखिम सूचकका बारेमा समुदायमा प्रशिक्षण गर्ने । | बैशाख मसान्त भित्र | वडा कार्यालय | विपद् व्यवस्थापन शाखा |
| २ | वडा विपद् व्यवस्थापन समिति मार्फत बाढी पहिरोको स्थानीय निगरानी गर्न हरेक समुदायमा निगरानी/अनुगमनकर्ता चयन गरी परिचालन गर्ने व्यवस्था मिलाउने । | बैशाख मसान्त भित्र | सम्वन्धित वडा विपद् व्यवस्थापन समिति | वडा अध्यक्ष |

| | | | | |
|---|---|---|---|---|
| ३ | गाउँपालिकामा विपद् व्यवस्थापन साथै सम्वन्धित शाखाका कर्मचारी, विषयक्षेत्रका विज्ञ व्यक्ति रहेको पूर्वसूचना कार्यदल/कलष्टर गठन गर्ने । | जेठको पहिलो हप्ताभित्र | गाउँपालिका, वडा र समुदाय स्तर | विपद् व्यवस्थापन शाखा |
| ४ | स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत आवश्यक विषय क्षेत्रगत समूह, कार्यदल (Task Force) गठन गरी परिचालन गर्ने । | जेठको पहिलो हप्ताभित्र | गाउँपालिका | विपद् व्यवस्थापन शाखा |
| ५ | पूर्वसूचना तथा उद्धारका लागि आवश्यक सामग्री, प्रविधिको व्यवस्था गर्ने । | जेठको दोस्रो हप्ताभित्र | गाउँपालिका, वडा र समुदायमा | विपद् व्यवस्थापन शाखा |
| ६ | हरेक वडा विपद् व्यवस्थापन समिति तथा वडा स्तरको भोलिन्टियर व्युरोबाट उपयुक्त व्यक्ति छनोट गरी प्राथमिक उपचार र विपद् प्रतिकार्यका लागि तालिम प्रदान गर्ने र आवश्यक सामग्री उपलब्ध गराउने । | जेठ मसान्त भित्र | गाउँपालिका | स्वास्थ्य शाखा |
| ७ | गाउँपालिका अन्तर्गत प्रत्येक टोल बस्तीमा रहेका अपाङ्ग, वृद्धबृद्धा र सुत्केरी महिलाहरुको सूची अद्यावधिक गरी उनीहरुलाई सूचना पुग्ने माध्यम तय गर्ने । | जेठको दोस्रो हप्ता भित्र | गाउँपालिका | विपद् व्यवस्थापन शाखा |
| ८ | गाउँपालिकामा बाढी, पहिरोको जोखिममा रहेका घरधुरीको जोखिमको अवस्था अद्यावधिक गर्ने । | जेठको दोस्रो हप्ता भित्र | गाउँपालिका | विपद् व्यवस्थापन शाखा |
| ९ | जोखिममा रहेका परिवारलाई स्थानान्तरणका लागि आवश्यक सुरक्षित स्थान, आश्रय भवन, खाद्य सामग्री, त्रिपाल जस्ता सामग्रीको व्यवस्था गर्ने । | जेठको दोस्रो हप्ता भित्र | गाउँपालिका | विपद् व्यवस्थापन शाखा |

विपद् पूर्वतयारीका कार्यहरुलाई प्रभावकारी बनाउन विषय क्षेत्रगत रुपमा सामान्य पूर्व तयारीको कार्य योजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ :

### ३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना :

विपद् घटना अगावै प्राय: सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने । | प्रत्येक वर्ष असोज सम्म | गाउँपालिका | प्रत्येक आर्थिक वर्षमा | स्थानीय विपद् व्यवस्थापन समिति |
| २ | विपद्को क्षति, नोक्सानी मुल्याङ्कनको लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरु गठन गर्ने र तालिम आयोजना गर्ने । | प्रत्येक वर्ष मनसन सुरु हुनुपूर्व | गाउँपालिका र हरेक वडामा | गाउँपालिकामा एक र हरेक वडामा एक एक वटा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने । | प्रत्येक वर्ष | गाउँपालिका | १००० प्रति | सामाजिक विकास शाखा |
| ४ | राहत वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने । | प्रत्येक वर्ष मंसिर सम्म | गाउँपालिका | ५०० प्रति | विपद् व्यवस्थापन शाखा |
| ५ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने । | प्रत्येक वर्ष कार्तिक सम्म | वडा तहमा | हरेक वडामा एक | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषय क्षेत्र |
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने । | प्रत्येक वर्ष पौष सम्म | वडा तहमा | हरेक वडामा एक | विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी |
| ७ | खोज तथा उद्धार सामग्रीहरु खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने । | निरन्तर | निरन्तर | हरेक वडामा कम्तीमा एक सेट | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | शाखा |
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरु र एम्वुलेन्सहरुको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने, जिल्ला, छिमेकी गाउँपालिका तथा नगरपालिकामा रहेका सेवाप्रदायक संस्थाको नक्साङ्कन गर्ने । | निरन्तर | गाउँपालिका | २ वटा एम्वुलेन्स | विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा |
| ९ | बाढी/पहिरो भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अद्यावधिक सूची तयार गर्ने । | निरन्तर | वडा अनुसार | आवश्यकता अनुसार हरेक वडामा | विपद् व्यवस्थापन शाखा |
| १० | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरुको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने । | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | विपद् व्यवस्थापन शाखा |
| ११ | आपत्कालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरु निर्माण, विस्तार गर्ने । | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषय क्षेत्र |
| १२ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरु निर्माण गर्ने । | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेको समुदाय नजिक | ९ वटा | पूर्वाधार विकास शाखा र सम्वन्धित वडा |
| १३ | बाढी/पहिरो, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरुबाट समुदायमा पर्न सक्ने असर र सोबाट बच्ने उपायहरुका बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, सूचना दिनको लागि कम खर्चिलो, छिटो र प्रभावकारी उपाय र संयन्त्रको प्रयोग गर्ने । | निरन्तर | जिल्लामा संचालित एफ.एम., पत्रपत्रिका, माइकिंग आदि | प्रकोपको सम्भावित समय अगावै कम्तीमा २ पटक | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| १४ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना | प्रकोपको सम्भावित समय | गाउँपालिका तथा वडामा | प्रमुख प्रकोपको लागि वर्षमा | स्थानीय विपद् व्यवस्थापन |

| | | | | | |
|---|---|---|---|---|---|
| | अभ्यास गर्ने/गराउने । | अगावै | | कम्तीमा एक पटक | समिति |
| १५ | मानिसको ज्यान लिन सक्ने जंगली जनावरहरु (जस्तै : बाघ, भालु, चितुवा) बस्तीमा प्रवेश गरेमा सम्वन्धित समुदायलाई शीघ्र सूचना दिने प्रणालीको विकास गर्ने । | निरन्तर | वडा स्तर वा सम्भव भए वस्ती स्तर | प्रत्येक वडामा | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, स्थानीय समुदाय |
| १६ | सरोकारवाला निकायहरुको सम्पर्क सूची तयार गर्ने । सम्पर्क सूची तयार गर्दा अति जोखिममा रहेका समूहहरु जस्तै : अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, एकल महिला भएका घरलाई संलग्न गर्ने सन्दर्भमा विद्यमान सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्क प्रयोग गर्ने । | प्रत्येक वर्ष कार्तिक सम्म | वडा अनुसार | आवश्यकता अनुसार हरेक वडामा | स्थानीय विपद् व्यवस्थापन समिति र विपद् सम्पर्क व्यक्ति |

## ३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना :

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरु पहिचान गर्ने साथै सहयोग लिन सकिने संस्थाहरुसँग समन्वय गर्ने । | निरन्र | गाउँपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि शाखा, विषय क्षेत्र |
| २ | विपद्बाट प्रभावित हुन सक्ने जनसंख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने, भण्डारण गर्ने सन्दर्भमा व्यक्तिको जोखिमता जस्तै बालबालिका, जेष्ठ नागरिक आदिलाई फरक फरक प्रकारको खाद्य सामग्री उपयुक्त हुने हुँदा सो व्यक्तिहरुको | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका स्तर | वर्षको २ पटक | कृषि शाखा, विषय क्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिने । | | | | |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरु पहिचान गर्ने वा अनुवन्ध करार गर्ने । | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका स्तर | कम्तीमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया वारे विषय क्षेत्रका सदस्यहरु वीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने । | प्रकोपको सम्भावित समय अगावै | वडा स्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तीमा १ पटक | कृषि शाखा, विषय क्षेत्र |
| ५ | प्रभावित समुदायको कृषि क्षेत्रमा सहयोग पुऱ्याउन बीउ बीजन भण्डारण गर्ने । | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका स्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तीमा १ पटक | कृषि शाखा, विषय क्षेत्र |

**३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना :**

विपद् घटना अगावै प्राय: सबै प्रकोपका लागि गर्नुपर्ने स्वास्थ्य तथा पोषण विषय क्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधिहरु भण्डारण गर्ने । यसको लागि व्यक्तिको जोखिमता (बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति आदिको विशेष प्रकारको आवश्यकता हुने हुनाले त्यस प्रकारका व्यक्तिहरुको विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्क प्रयोग गर्ने । | हरेक महिना, औषधिको गुण अनुसार | गाउँपालिका स्तर | २००० जनाको लागि | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने । | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | गाउँपालिका स्तर | वर्षमा १ पटक | स्वास्थ्य शाखा, विषय क्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयार/अद्यावधिक गर्ने । | वडा संख्या र जनसंख्या अनुसार | गाउँपालिका स्तर | गाउँपालिका स्तर : ३० जना, वडा स्तर : ९ जना | स्वास्थ्य शाखा |
| ४ | स्वास्थ्य सम्वन्धी शिक्षण सामाग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | नियमित | वडा स्तर | हरेक वडामा १ पटक | स्वास्थ्य शाखा, वडा कार्यालय, विषय क्षेत्र |
| ५ | महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने, अति जोखिममा रहेका व्यक्तिहरुलाई सूचना सुनिश्चित गर्ने तथा कम खर्चिलो, छिटो र प्रभावकारी उपायको लागि विद्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गर्ने । | नियमित | जोखिमयुक्त वस्तीहरुमा | वर्षमा कम्तीमा ३ पटक | स्वास्थ्य शाखा, विषय क्षेत्र |

### ३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना :

विपद् घटना अगावै सवै प्रकोपका लागि गर्नुपर्ने खानेपानी, सरसफाइ र स्वच्छता विषय क्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धीकरणको लागि आवश्यक क्लोरिन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने । | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका स्तर | वर्षमा कम्तीमा १ पटक | खानेपानी तथा सरसफाइ शाखा, विषय क्षेत्र |
| २ | सरसफाइका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरु उपयुक्त ठाउँमा भण्डारण गर्ने । | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका स्तर | वर्षमा कम्तीमा १ पटक | खानेपानी तथा सरसफाइ शाखा, विषय क्षेत्र |
| ३ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरु पहिचान र संरक्षण गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरु | खानेपानी तथा सरसफाइ शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय |
| ४ | लैङ्गिक मैत्री, वालमैत्री, | प्रकोपको | वडा तथा | वर्षमा | खानेपानी तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | अपाङ्गता मैत्री अस्थायी शौचालय निर्माण तथा स्नान गृह निर्माणका लागि तालिम संचालन गर्ने । | सम्भावित समय अगावै | समुदाय स्तरमा | कम्तीमा १ पटक | सरसफाइ शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय |

## ३.१.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना :

विपद् घटना अगावै प्राय : सबै प्रकोपका लागि गर्नुपर्ने आपत्कालीन आश्रय स्थल र गैर खाद्य सामग्री विषय क्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरुको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरुको बन्दोवस्ती गर्ने । व्यक्तिको जोखिमता ( बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति) आदिलाई विशिष्टीकृत प्रकारको सुविधा आवश्यक हुने हुँदा सो व्यक्तिहरुको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिई सो बमोजिमको आश्रय स्थल निर्माणको सुनिश्चित गर्ने । | प्रकोपको सम्भावित समय अगावै | सबै वडामा | वडाको कूल जनसंख्याको कम्तीमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | शहरी विकास तथा भवन निर्माण कार्यालयको सहयोगमा पूर्वाधार विकास शाखा, नेपाल रेडक्रस सोसाइटी |
| २ | सम्भावित आपत्कालीन अवस्था आइपरेमा तुरुन्त गैर खाद्य सामग्री खरिद गर्न सकिने गरी अनुवन्ध करार गर्ने । | आवश्यकता अनुसार | थोक विक्रेता, खुद्रा विक्रेता | १०० परिवारको लागि | गाउँपालिका, कृषि शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने । | निरन्तर | सबै वडामा | वडाको कूल जनसंख्याको कम्तीमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ४ | गैर खाद्य सामग्री सेटहरु भण्डारण गर्ने । | निरन्तर | गाउँपालिका गोदाम घर | कम्तीमा ५० परिवारका | गाउँपालिका, वडा कार्यालय, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लागि | नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थान वा खुल्ला क्षेत्रमा शिविर संचालन गर्ने स्थानमा सवारी साधनको प्रवन्ध गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका स्तर | आवश्यकता अनुसार | विपद् व्यवस्थापन शाखा, विषय क्षेत्र |
| ५ | लैङ्गिक मैत्री अस्थायी आश्रय वा बास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिवृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने । | मनसुन सुरु हुनुभन्दा अगाडि | वडा स्तर | हरेक वडामा | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषय क्षेत्र |

### ३.१.६ संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना :

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा सुरक्षा विषय क्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरुबारे जानकारी पुस्तिका तयार एवं प्रकाशन गर्ने । | निरन्तर | गाउँपालिका स्तर | कम्तीमा ५०० प्रति | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरु (जस्तै : डिग्निटि किट) खरिद गरी भण्डारण गर्ने । यसरी सामग्री खरिद गर्दा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक जस्ता संकटासन्न व्यक्तिहरुको फरक फरक आवश्यकता हुने हुनाले सो अनुसारका सामग्री समेत भण्डारण गर्नको लागि आवश्यक तथ्याङ्क विद्यमान सामाजिक सुरक्षा प्रणालीबाट लिने । | निरन्तर | गाउँपालिका गोदाम | यस्तो जनसंख्याको कम्तीमा २० प्रतिशतलाई पुग्ने | महिला तथा बालबालिका शाखा, विषय क्षेत्र |
| ३ | उमेर र शारीरिक अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल | तत्काल | गाउँपालिका स्तर | १ पटक | महिला तथा बालबालिका शाखा, विषय |

| | | | | | |
|---|---|---|---|---|---|
| | तयार गरी लागू गर्ने । व्यक्तिको उमेर र अपाङ्गताको प्रकृति अनुसार आवश्यक पर्ने सहयोगको लागि चाहिने संख्या निर्धारण गर्न सामाजिक सुरक्षा प्रणालीको समेत तथ्याङ्क प्रयोग गर्ने । | | | | क्षेत्र |
| ४ | लैङ्गिक तथा बाल हिंसा न्यूनीकरणका लागि सचेतनामूलक सन्देश प्रसारण गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | ९ वटै वडाका प्रमुख वस्तीमा | महिला तथा बालबालिका शाखा, विषय क्षेत्र |
| ५ | हेल्प डेक्सको स्थापना तथा संचालन गर्ने । | तत्काल | गाउँपालिका स्तरमा | १ पटक | गाउँपालिका |
| ६ | विद्यालयका शिक्षक र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्वन्धी तालिम दिने । | प्रत्येक वर्ष १ पटक | गाउँपालिका स्तरमा | हरेक विद्यालयबाट १ जना र हरेक वडाबाट २ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका | शिक्षा र स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी, विषय क्षेत्र |
| ७ | विपद्को समयमा परिचालन हुने विषय क्षेत्रका सदस्यहरुलाई कृत्रिम घटना अभ्यास गर्ने/गराउने । | निरन्तर | वडा स्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडि कम्तीमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला |

### ३.१.७ आपत्कालीन शिक्षा विषय क्षेत्रको सामान्य पूर्वतयारी योजना :

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने आपत्कालीन शिक्षा विषय क्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो, हावाहुरीले प्रभावित गर्न सक्ने विद्यालयहरुको सूची अद्यावधिक गर्ने र सम्भावित सूचीको आँकलन गर्ने । | वर्षको १पटक | वडा स्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्वन्धित विद्यालय |
| २ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरु तयारी अवस्थामा राख्ने । | निरन्तर | गाउँपलिका स्तर | वटा विद्यालयको लागि | शिक्षा शाखा, सम्वन्धित विद्यालय |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सम्भावित विपद्‌बाट सुरक्षित हुने उपायबारे विद्यालयहरुमा चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रसारण गर्ने । | निरन्तर | गाउँपालिका स्तर, विद्यालय स्तर | वटा विद्यालय र एफ.एम.बाट कम्तीमा १५ दिन (प्रकोपमा केन्द्रित भई) | विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा, सम्वन्धित विद्यालय |

## ३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना :

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने शीघ्र पुनर्लाभ विषय क्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्‌कालीन प्रयोजनको लागि खानेपानी ट्यांकी, बाल, लैंगिक तथा अपाङ्गता मैत्री शौचालय र धाराको व्यवस्था गर्ने । | निरन्तर | वडा स्तरमा | सबै वडाहरुमा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषय क्षेत्र |
| २ | विपद्‌बाट अत्यावश्यक सेवाहरु (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरुद्ध भएमा उक्त सेवा सुचारु गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने । | निरन्तर | गाउँपालिका र वडा स्तरमा | गाउँपालिकामा एक र वडामा एक | पूर्वाधार विकास शाखा, विपद् व्यवस्थापन शाखा र विषय क्षेत्र |
| ३ | सम्भावित विपद्‌बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शीघ्र मुल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने । | प्रत्येक वर्ष एक पटक | गाउँपालिका स्तर | एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ४ | सम्भावित विपद्‌बाट कृषि, पशु, रोजगारी, सेवा, उद्योग, पर्यटन, व्यापार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यान्वन गर्ने । | विपद् पश्चात तत्काल | गाउँपालिका स्तर | प्रभावित समुदायमा | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना :

पूर्वानुमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलव्ध समयको आधारमा पूर्वतयारीका कार्यहरु निर्धारण गर्नुपर्दछ । यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन् । यस्तो योजना प्रकोपको प्रकृति, समय र सम्भावित प्रभाव क्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनुपर्दछ ।
पूर्वानुमानमा आधारित पूर्व कार्य गर्दा अति जोखिममा रहेका व्यक्तिहरुलाई सूचना सम्प्रेषण गर्ने, राहत (नगद तथा सामग्री वितरण) व्यवस्थापन गर्ने, सुरक्षित आश्रय स्थलमा स्थानान्तरण गर्ने, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी गतिविधि गर्ने, संरचना निर्माण गर्ने जस्ता विभिन्न विपद् पूर्व कार्यहरु कार्यान्वयन गर्दा सामाजिक सुरक्षा प्रणालीमा आवद्ध लाभग्राहीहरुको संकटासन्नतालाई मध्यनजर गरी उक्त कार्यहरु कम खर्चिलो, छिटो र प्रभावकारी बनाउनका लागि विद्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गरिने छ ।

गाउँपालिकामा बाढी, पहिरोको जोखिम सम्वन्धी पूर्वसूचनाको आधारमा गरिने अग्रीम प्रतिकार्य देहाय वमोजिम हुनेछ ।

क) वर्षाको पूर्वानुमान र यसको सम्भावित प्रभावको आधारमा साथै

ख) समुदायले पहिरो, ढुंगा खस्ने र भल बाढीको जोखिम निगरानी गरेर ।

माथि (क) वमोजिमको वर्षाको पूर्वानुमान जल तथा मौसम विज्ञान विभागबाट प्राप्त गरिनेछ साथै विभागसँग समन्वय गरी गाउँपालिका क्षेत्रमा वर्षामापन केन्द्रबाट तत्कालिक अनुगमनको व्यवस्था मिलाइनेछ । त्यसैगरी (ख) बमोजिमको जोखिम अनुगमनका लागि सम्वन्धित वडा विपद् व्यवस्थापन समिति, स्वयंसेवक व्युरो मार्फत स्थानीय समुदायलाई आ आफ्नो क्षेत्रमा पहिरो तथा भलबाढीको जोखिम अनुगमन गर्न परिचालन गरिनेछ । साथै आर्थिक, प्राविधिक हिसाबले सम्भव भएसम्म पहिरो जोखिम अनुगमन प्रविधि जडान गरिनेछ ।

सूचना सम्प्रेषण संयन्त्र मार्फत सम्वन्धित समुदायमा पूर्वसूचना र सम्वन्धित जानकारी पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायमसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

उपरोक्त अनुसार दुबै स्रोतबाट प्राप्त हुने सूचनाका आधारमा गाउँपालिका अन्तर्गतका विपद् व्यवस्थापन समितिले आवश्यक कदम चाल्नेछन् ।

गाउँपालिकामा विपद् व्यवस्थापन सम्पर्क व्यक्ति साथै स्वास्थ्य, शिक्षा, योजना, कृषि, पशुसेवा, प्रशासन, सामाजिक विकास, महिला तथा बालबालिका लगायतका सम्वन्धित शाखाका कर्मचारी, विषयक्षेत्रका विज्ञ व्यक्ति रहेका विषयक्षेत्रगत समूह परिचालन गरिनेछ ।

मौसम पूवार्नुमान तथा पहिरो जोखिमको स्थानीय निगरानीबाट प्राप्त पूर्वाभासका आधारमा देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

## १) मनसुन परिदृष्यको सूचना :

जल तथा मौसम विज्ञान विभागले सामान्यतया बैशाख महिनामा आगामी वर्षामा समग्र वर्षाको अवस्थाको मोटामोटी अनुमान (मनसुन आउटलुक) उपलव्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभी, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना

मार्फत सोझै प्राप्त गर्न सकिनेछ । यो जानकारी गाउँपालिकामा प्राप्त भएपछि सम्वन्धित विषयक्षेत्रका कर्मचारी तथा सरोकारवालासँग परामर्श गरी गाउँपालिका क्षेत्रमा मनसुन अवधिमा हुन सक्ने प्रभावको अनुमान गरिनेछ ।
मनसुनी वर्षा सुरु भएपछि समुदायमा स्थानीय तवरमा पहिरो जोखिमको निगरानी गर्न र निगरानीकर्ताले पहिरोको जोखिम बढेको वा अरु सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने खबर ल्याउने व्यवस्था गर्न सम्वन्धित वडा विपद् व्यवस्थापन समिति र सम्वन्धित वडाका स्वयंसेवक व्युरोहरु परिचालन गरिनेछ ।

मनसुन परिदृश्य प्राप्त भएपछि गाउँपालिका स्तरमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | पहिरो तथा ढुंगा खस्ने जोखिम सूचकका बारेमा समुदायमा प्रशिक्षण गर्ने । | बैशाख मसान्त भित्र | वडा कार्यालय | विपद् व्यवस्थापन शाखा |
| २ | स्थानीय परिदृष्य सहितको मनसुन परिदृष्य समुदाय सम्म जानकारी गराउने । | मनसुन परिदृष्य प्राप्त भएको चार दिन भित्र | गाउँपालिकाका सबै समुदाय, सरोकारवाला सम्म | विपद् व्यवस्थापन शाखा |
| ३ | पहिरो तथा ढुंगा खस्ने जोखिम सूचकका निगरानीकर्तालाई प्रशिक्षण प्रदान गर्ने । | जेठ १५ गते अगावै | सबै वडाका विपद् व्यवस्थापन समिति, भोलिन्टियर व्युरो | विपद् व्यवस्थापन शाखा |
| ४ | वर्षाको तत्काल अनुगमन गर्न वर्षा मापन केन्द्रको स्तरोन्नति र थप केन्द्र साथै गाउँपालिकामा डिस्प्ले बोर्ड स्थापना गर्न जल तथा मौसम विज्ञान विभागसँग समन्वय गर्ने । | चैत्र मसान्त अगावै | गाउँपालिकाको उपयुक्त स्थानमा | विपद् सम्पर्क व्यक्ति |
| ५ | स्थानीय विपद् व्यवस्थापन समितिको बैठक गरी पूर्वतयारीको समीक्षा र अपुग तयारी पूरा गर्ने विषयमा छलफल गर्ने । | खबर पाएको सात दिन भित्र | गाउँपालिका कार्यालय वा तोकिएको ठाउँमा | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |
| ६ | विभिन्न स्तरको जोखिममा रहेका समुदाय तथा घरधुरीको तथ्याङ्क अद्यावधिक गर्ने । | बैशाख मसान्त भित्र | गाउँपालिकाको डाटा बेसमा | विपद् व्यवस्थापन शाखा |
| ७ | बाढी पहिरोको जोखिममा रहेका समुदायमा रहेका विभिन्न प्रकारको अपाङ्गता भएका, बालबालिका, | जेठ १० गते भित्र | गाउँपालिकाको कार्यालय | सामाजिक विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | बृद्धबृद्धाको तथ्याङ्क विवरण अद्यावधिक गर्ने । | | | |
| ८ | क्षेत्रगत सरोकारवालासँग समन्वय र बैठक : शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय, बजार, विद्युत, यातायात, सुरक्षा निकायहरु, दुरसञ्चार, पत्रकार आदि । | जेठ ५ गते भित्र | गाउँपालिका क्षेत्र | सम्वन्धित विषय क्षेत्रगत समूह नेतृत्व |
| ९ | सुरक्षित स्थानहरुको विवरण अद्यावधिक गर्ने साथै अपुग स्थान पूर्ति गर्न थप स्थानको पहिचान र निर्धारण गर्ने, गराउने । | जेठ ५ गते भित्र | गाउँपालिकाको सबै क्षेत्र | सम्वन्धित वडा अध्यक्ष |
| १० | विपद् प्रतिकार्यको लागि आवश्यक बजेट तथा सामग्रीको व्यवस्था गर्ने । | जेठ मसान्त भित्र | विपद् व्यवस्थापन शाखा | गाउँपालिका अध्यक्ष |
| ११ | बाढी पहिरोको उच्च जोखिममा रहेका बस्ती, घरधुरी सुरक्षित ठाउँमा सार्न अनुरोध गर्ने । | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय वमोजिम | गाउँपालिकाका सबै समुदायमा | विपद् सम्पर्क व्यक्ति |
| १२ | परिदृष्यका आधारमा कार्यदल/विषय क्षेत्रगत समूह/कलष्टरहरुको योजना अद्यावधिक गर्ने । | जेठ पहिलो हप्ता भित्र | गाउँपालिकाको कार्यालय | विषय क्षेत्रगत समूह |
| १३ | गाउँपालिका आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई क्रियाशील बनाउने । | बैशाख मसान्त भित्र | गाउँपालिका कार्यालय | प्रमुख प्रशासकीय अधिकृत |
| १४ | समुदायमा तथा गाउँपालिका स्तरमा परिदृष्यमा आधारित नमुना घटना अभ्यास संचालन गर्ने । | बैशाख मसान्तभित्र | सम्वन्धित समुदाय तथा गाउँपालिका स्तरमा | समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र नेतृत्व |
| १५ | घटना अभ्यासका आधारमा देखिएका कमी कमजोरी सुधार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन गर्ने । | जेठ १० गते भित्र | गाउँपालिका, वडा र सम्वन्धित समुदाय | विपद् सम्पर्क व्यक्ति |
| १६ | आवश्यक सेवाका सामग्री पायक पर्ने स्थानमा भण्डारण गर्ने गराउने । | जेठ १० अगावै | गाउँपालिका क्षेत्र तथा अन्य पायक पर्ने ठाउँ | आपत्कालीन आश्रय, शिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री |

| | | | | |
|---|---|---|---|---|
| | | | | विषय क्षेत्रगत समूह |
| १७ | पहिरोको जोखिमयुक्त ठाउँमा जमिन चर्केको, धाँजा फाटेको भए समुदायबाट पुर्न, भल कटाउन परिचालन गर्ने र समुदायले एक्लै नसक्ने ठाउँमा गाउँपालिकाले समन्वय गर्ने । | जेठ १० अगावै र तत्पश्चात निरन्तर | गाउँपालिकाका सबै समुदायमा | विपद् व्यवस्थापन शाखा |
| १८ | वर्षा याममा खाद्यान्न, औषधि तथा अन्य आवश्यक सामग्रीको सेवा अभाव हुन नदिन आवश्यक व्यवस्थाका लागि गाउँपालिका क्षेत्रका सुरक्षा निकाय, यातायात व्यवसायी संघ, बजार व्यवस्थापन समिति र अन्य आवश्यक निकायसँग समन्वय गर्ने र चाहिने सामग्रीहरुको भण्डारण र तयारी गर्न लगाउने । | जेठ पहिलो हप्ताभित्र | गाउँपालिका क्षेत्र तथा अन्य पायक पर्ने ठाउँ | गाउँपालिकाको सम्वन्धित शाखा, सम्वन्धित विषय क्षेत्रगत समूह नेतृत्व |
| १९ | विद्यालय व्यवस्थापन समिति, शिक्षकसँग वर्षायाममा हुन सक्ने विपद् जोखिम र अपनाउनुपर्ने सावधानीका बारेमा छलफल गर्ने, विद्यालय सुरक्षा योजना कार्यान्वयन गर्न अनुरोध गर्ने । | जेठ १५ अगावै | गाउँपालिकामा रहेका सबै विद्यालयहरुमा | शिक्षा शाखा, आपत्कालीन आश्रय, शिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री विषय क्षेत्रगत समूह नेतृत्व |
| २० | विद्यालय परिसर साथै विद्यालय जाने आउने बाटोमा बाढी, पहिरोको जोखिमयुक्त ठाउँमा विशेष सतर्कता अपनाउन लगाउने । | जेठ १५ अगावै र तत् पश्चात | गाउँपालिकामा रहेका सबै विद्यालय | शिक्षा शाखा |
| २१ | पहिरो ग्रस्त सडक खण्डमा सूचना वोर्ड राख्ने व्यवस्था गर्ने, गराउने । | जेठ १५ अगावै | बैठकको निर्णयमा तोकिएको स्थान, क्षेत्र । | प्रमुख प्रशासकीय अधिकृत |
| २२ | पूर्वतयारी, उद्धार र राहतका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन सम्वन्धित अन्य निकायसँग समन्वय गर्ने | मनसुन सुरु हुनु अगावै | अन्य स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश र संघीय निकाय, | गाउँपालिका अध्यक्ष, विपद् सम्पर्क व्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| | । | | संघसंस्था | |
| २३ | मनसुन परिदृष्य बमोजिम आवश्यकता अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन गर्ने । | मनसुन सुरु हुनु अगावै | गाउँपालिका कार्यालय | विपद् सम्पर्क व्यक्ति |

## २. दुई हप्ता अगावै प्राप्त हुने (पन्ध्र दिने) मौसम पूर्वानुमान सूचना :

जल तथा मौसम विज्ञान विभागले आगामी १५ दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले बाढी पहिरो हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभी, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । यो जानकारी गाउँपालिकामा प्राप्त भएपछि सम्वन्धित विषयक्षेत्रका कर्मचारी तथा सरोकारवालासँग परामर्श गरी गाउँपालिका क्षेत्रमा हुन सक्ने प्रभावको विश्लेषण गरिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । विगतको अनुभवमा यस्तो अवधिको पूर्वानुमान कमै भएको पाइन्छ तापनि उपलब्ध भएमा यो पूर्वानुमान महत्वपूर्ण हुने भएकोले यस योजनामा समावेश गरिएको छ । यो खबर पाएपछि १५ दिन भित्र भारी वर्षा हुन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो हुन सम्वन्धित वडा, समुदाय तथा सरोकारवालालाई सजग गराई आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाइने छ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट सम्वन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, बृद्धबृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

अर्कोतर्फ स्थानीय तवरमा गरिने पहिरो जोखिमको निगरानीबाट वा अन्य सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा जोखिममा रहेका समुदायलाई सार्न सम्भव हुने धनमाल सहित सुरक्षित स्थानमा तत्कालै स्थानान्तरण गर्न पहल गरिनेछ । सामान्यतया निगरानीबाट यति दिन भित्रै पहिरो जान सक्छ वा ढुंगा खस्न सक्छ भन्ने निश्चित गर्न सम्भव हुँदैन । तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका वासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरु गरिनेछ ।

गाउँपालिकामा दुई हप्ता अगावै (पन्ध्र दिनको) मौसम पूर्वानुमान सूचना प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ :

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | सूचनाको विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने । | दुई दिन भित्र | गाउँपालिका, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा |
| २ | वडा विपद् व्यवस्थापन समिति र सरोकारवालालाई सुझाव सहितको परिमार्जित | तीन दिन भित्र | गाउँपालिकाका सबै वडा, समुदाय र क्षेत्र | विपद् व्यवस्थापन शाखा |

| | | | | |
|---|---|---|---|---|
| | सूचना सम्प्रेषण गर्ने । | | | |
| ३ | समुदायमा त्रास फैलन नदिन सचेतना कार्यक्रम संचालन गर्ने । | पूर्वसूचना सम्प्रेषणसँगै | सबै समुदाय र सरोकारवाला | विपद् व्यवस्थापन शाखा |
| ४ | विभागबाट सूचना प्राप्त भएको तीन दिनभित्र स्थानीय विपद् व्यवस्थापन समितिको बैठक वस्ने । | तीन दिन भित्र | गाउँपालिकाको कार्यालय वा तोकिएको स्थान | गाउँपालिका अध्यक्ष |
| ५ | मनसुन परिदृष्य प्राप्त भएपछि बसेको बैठकले गरेका निर्णयहरु बमोजिमका काम पूरा भए नभएको पुनरावलोकन गरी अपूरा काम तत्काल पूरा गर्ने, गराउने । | बैठकमा निर्णय भए बमोजिम | गाउँपालिका, तोकिएको वडा, समुदाय वा निकाय | गाउँपालिका अध्यक्ष |
| ६ | पहिरोको उच्च जोखिममा रहेका घरधुरीलाई सुरक्षित स्थानमा सार्न अनुरोध गर्ने । | स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णय पश्चात तत्कालै | सम्वन्धित समुदाय सबै | विपद् सम्पर्क व्यक्ति |
| ७ | बालबालिका, अपाङ्गता भएका, बृद्धबृद्धा, गर्भवती, सुत्केरी लगायतका जोखिम समूहका व्यक्तिहरुलाई सुरक्षित ठाउँमा राख्न लगाउने । | स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णय पश्चात तत्कालै | सम्वन्धित समुदाय सबै | महिला तथा वालवालिका शाखा प्रमुख |
| ८ | सुरक्षित स्थानमा आवश्यक सामग्री र आधारभुत सेवा सुविधाको निरीक्षण गरी अपुग क्षमताको परिपूर्ति गर्ने गराउने । | स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णय पश्चात तत्कालै | स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णयमा तोकिएको स्थान | वडा अध्यक्ष, आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैर खाद्य सामग्री विषय क्षेत्रगत समूह |
| ९ | विपद् व्यवस्थापन र प्रतिकार्यका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने । | स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णयमा तोकिए बमोजिम | स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णयमा तोकिएको स्थान | वडा अध्यक्ष, सम्वन्धित विषय क्षेत्रगत नेतृत्व |
| १० | मौसमको आगामी सूचनाको ख्याल गर्न साथै आतंकित नभई पूर्वतयारी र सजग रहन सूचना गर्ने, | पूर्वानुमानको सम्प्रेषणसँगै र उपयुक्त समयमा निरन्तर | गाउँपालिका क्षेत्रका सम्वन्धित समुदाय र सरोकारवाला सबै | विपद् व्यवस्थापन शाखा र विषय क्षेत्रगत समूह |

| | | | | |
|---|---|---|---|---|
| | आपत्कालीन अवस्थामा गर्नुपर्ने कार्य र गर्न नहुने काम, कर्तव्य र जिम्मेवारीका बारेमा समुदाय र सरोकारवालालाई संचार माध्यमबाट जानकारी गराउने । | | | |

### ३) एक हप्ता अगावै प्राप्त हुने (सात दिनसम्मको) मौसम पूर्वानुमान सूचना :

जल तथा मौसम विज्ञान विभागले आगामी सात दिन (सामान्यतया आगामी तीन दिनदेखि सात दिनसम्म) मा ठूलो वर्षा हुन सक्छ र त्यसले बाढी पहिरोबाट क्षति हुन सक्छ भन्ने अनुमान उपलव्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभी, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिन्छ । यो खबर पाएपछि आगामी सात दिन भित्र भारी वर्षा सुरु हुन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्वन्धित सबैलाई सजग गराइनेछ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र मार्फत सम्वन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, बृद्धबृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

अर्कोतर्फ स्थानीय तवरमा पहिरो जोखिमको निगरानीबाट वा अरु सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा जोखिममा रहेका समुदायलाई सार्न सम्भव हुने धनमाल सहित सुरक्षित स्थानमा तत्कालै स्थानान्तरण गर्न पहल गरिनेछ । तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका वासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरु अवलम्वन गरिनेछ । गाउँपालिकामा एक हप्ता अगावै (सात दिनसम्मको) मौसम पूवार्नुमान सूचना प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ :

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने । | तत्कालै | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | विषय क्षेत्रगत समूह नेतृत्व |
| २ | सुझाव सहितको परिमार्जित सुचना जारी गर्ने, पूर्वसूचना संयन्त्र मार्फत सम्प्रेषण गर्ने । | परिमार्जन भएपछि | पूर्वसूचना संयन्त्र मार्फत सबै समुदाय, सरोकारवालासम्म | विषय क्षेत्रगत समूह नेतृत्व |
| ३ | विभागबाट सूचना प्राप्त भएको दुई दिनभित्र स्थानीय विपद् व्यवस्थापन समितिको | दुई दिनभित्र | गाउँपालिकाको कार्यालय वा तोकिए बमोजिम | गाउँपालिका अध्यक्ष |

| | | | | |
|---|---|---|---|---|
| | बैठक बस्ने । | | | |
| ४ | भलबाढी, पहिरो तथा ढुंगा खस्ने जोखिमको निगरानी थप सक्रिय बनाउने । | तत्कालै र निरन्तर | गाउँपालिकाको सबै क्षेत्र र समुदायमा | विषय क्षेत्रगत समूह नेतृत्व |
| ५ | समुदायको निगरानीबाट प्राप्त सूचना अनुसार आवश्यक जोखिम कम गर्ने र जोखिममा रहेको समुदायलाई सुरक्षित स्थानमा सर्न लगाउने । | बैठकको निर्णय बमोजिम तत्कालै | सम्वन्धित स्थान र समुदाय | वडा अध्यक्ष, आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषय क्षेत्रगत समूह |
| ६ | वडा विपद् व्यवस्थापन समितिलाई सुरक्षित स्थानहरु र सामग्री अद्यावधिक गर्न अनुरोध गर्ने । | बैठकको निर्णय बमोजिम | सबै वडा र समुदायमा | आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषय क्षेत्रगत समूह |
| ७ | विपद्को बेला विजुली र टेलिफोन नेटवर्क जान सक्ने भएकोले सोलार वत्ती, चार्जर जस्ता सामग्रीको जोहो गर्न लगाउने । | निरन्तर | गाउँपालिका क्षेत्रका समुदाय, सरोकारवाला | विषय क्षेत्रगत समूह |
| ८ | भारी वर्षा, भलबाढी, तथा पहिरोबाट क्षति हुन सक्ने बालीनाली स्याहार्न सकिने अवस्थामा भए स्याहार्न अनुरोध गर्ने । | सूचना सम्प्रेषणसँगै निरन्तर | सम्वन्धित समुदाय | कृषि शाखा |
| ९ | मौसमको आगामी सूचनाको ख्याल गर्न साथै आतंकित नभई पूर्वतयारी र सजग रहन सूचना गर्ने, आपत्कालीन अवस्थामा गर्नुपर्ने कार्य र गर्न नहुने काम, कर्तव्य र जिम्मेवारीका बारेमा समुदाय र सरोकारवालालाई संचार माध्यमबाट जानकारी गराउने । | सूचना सम्प्रेषणसँगै र निरन्तर | सम्वन्धित समुदाय र सरोकारवाला | विषय क्षेत्रगत समूह |
| १० | जिल्ला प्रशासन कार्यालय/ जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वयमा रहने । | आवश्यकता अनुसार | गाउँपालिकाको कार्यालय | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |

## ४) तीन दिन अगावै प्राप्त हुने (आगामी तीन दिनसम्मको) मौसम पूवार्नुमान सूचना :

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले बाढी पहिरो जान सक्छ भन्ने अनुमान उपलव्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभी, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । यो खबर पाएपछि आगामी तीन दिनभित्र भारी वर्षा सुरु हुन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्वन्धित सबैलाई सजग गरिनेछ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र मार्फत सम्वन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, बृद्धबृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

अर्कोतर्फ स्थानीय तवरमा पहिरो जोखिमको निगरानीबाट वा विभिन्न सूचकका आधारमा पहिरो जाने सम्भावनाको जानकारी प्राप्त हुन सक्नेछ । यसमा यति दिन भित्रै पहिरो जान सक्छ वा ढुंगा खस्न सक्छ भन्ने ठोकुवा गर्न सकिने चाहि हुदैन । तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिममा रहेका ठाउँका वासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरु अवलम्बन गरिनेछ ।

आगामी तीन दिनसम्मको मौसम पूर्वानुमान सूचना प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने । | तत्कालै | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | विषय क्षेत्रगत समूह नेतृत्व |
| २ | परिमार्जित सूचना जारी गर्ने, पूर्वसूचना तथा आपत्कालीन संचार संयन्त्र मार्फत सम्प्रेषण गर्ने । | परिमार्जन भएपछि तत्कालै | गाउँपालिकाको सबै समुदाय र सरोकारवाला | विषय क्षेत्रगत समूह नेतृत्व |
| ३ | विभागबाट सूचना प्राप्त भएको ६ घण्टाभित्र स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी छलफल गर्ने । | ६ घण्टाभित्र | गाउँपालिकाको कार्यालय वा तोकिएको स्थान | गाउँपालिका अध्यक्ष |
| ४ | अवस्था हेरी माइकिंग गर्ने, साइरन बजाउने । समुदायमा पनि माइकिंग गरी सूचना गर्ने, पूर्वनिर्धारित संकेत वमोजिम साइरन, सिट्टी बजाउन सुझाव दिने । | बैठकको निर्णय बमोजिम | तोकिएका स्थान, समुदाय | विषय क्षेत्रगत समूह नेतृत्व |

| | | | | |
|---|---|---|---|---|
| ५ | जोखिममा रहेका समुदायलाई सुरक्षित ठाउँमा सार्न अनुरोध गर्ने । | बैठकको निर्णय बमोजिम | तोकिएका समुदाय | विपद् सम्पर्क व्यक्ति |
| ६ | स्थानीय जोखिम निगरानीलाई थप सक्रिय बनाउने । | तत्कालै र वर्षायाम भरि निरन्तर | सबै क्षेत्र र समुदाय | वडा अध्यक्ष, वडा विपद् व्यवस्थापन समिति |
| ७ | समुदायमा सचेतना संचालन गर्ने । | वर्षायाम भरि निरन्तर | | वडा विपद् व्यवस्थापन समिति |
| ८ | विभागसँग सम्पर्कमा रही मौसम सम्वन्धी अद्यावधिक जानकारी लिने । | आवश्यकता अनुसार निरन्तर | गाउँपालिकाको कार्यालय, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | विपद् सम्पर्क व्यक्ति |
| ९ | विषय क्षेत्र सक्रिय बनाउने । | बैठकको निर्णय बमोजिम | गाउँपालिका | सम्वन्धित विषय क्षेत्रगत समूह नेतृत्व |
| १० | अस्थायी आधारभूत सेवा सुविधा र सुरक्षाको व्यवस्था गर्ने, गराउने | आश्रय स्थलमा सम्वन्धित परिवार वसोवास गर्न सुरु गरेपछि | सम्वन्धित आश्रय स्थल | सबै विषय क्षेत्रगत समूह नेतृत्व |
| ११ | सुरक्षा निकायसँग समन्वय गरी सम्भावित सहायता आवश्यकताबारे जानकारी गराउने । | तत्कालै | गाउँपालिका र नजिक अवस्थित सुरक्षा निकाय | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |
| १२ | जिल्ला प्रशासन कार्यालय/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वयमा रहने । | आवश्यकता अनुसार | गाउँपालिकाको कार्यालय | विपद् सम्पर्क व्यक्ति |

## ५) चौवीस घण्टा अगावै प्राप्त हुने (एक दिन सम्मको) मौसम पूर्वानुमान सूचना :

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले बाढी पहिरो हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभी, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्वन्धित सबैलाई सजग गरिनेछ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट सम्वन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका,

बृद्धबृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

स्थानीय तवरमा पहिरो जोखिमको निगरानीबाट विभिन्न सूचकका आधारमा अब पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त हुन सक्छ । जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरु अवलम्वन गरिनेछ ।

गाउँपालिकामा चौवीस घण्टाको मौसम पूर्वानुमान सूचना प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने । | तत्कालै | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | विषय क्षेत्रगत समूह नेतृत्व |
| २ | परिमार्जित सूचना जारी गर्ने, पूर्वसूचना संयन्त्र मार्फत सबै समुदाय र सरोकारवालालाई सम्प्रेषण गर्ने । | परिमार्जन भएपछि तत्कालै | गाउँपालिकाको सबै समुदाय र सरोकारवाला | विषय क्षेत्रगत समूह नेतृत्व |
| ३ | विभागबाट सूचना प्राप्त भएको एक घण्टाभित्र गाउँ कार्यपालिका/ वा तोकिएका अधिकारीहरुको बैठक गरी छलफल गर्ने । | एक घण्टा भित्र | गाउँपालिकाको कार्यालय वा तोकिएको स्थान | गाउँपालिका अध्यक्ष |
| ४ | आवश्यकता अनुसार माइकिंग गर्ने, समुदायमा साइरन बजाउने, पूर्वसंकेत अनुसार साइरन बजाउन लगाउने । | बैठकको निर्णय अनुसार | तोकिएको स्थान, समुदाय | विषय क्षेत्रगत समूह नेतृत्व |
| ५ | स्थानीय निगरानीलाई थप सक्रिय बनाउने । | तत्कालै | सबै क्षेत्र, समुदाय | वडा अध्यक्ष, विषय क्षेत्रगत समूह नेतृत्व |
| ६ | जोखिममा रहेका समुदायलाई अनिवार्य रुपमा सुरक्षित ठाउँमा सार्न अनुरोध गर्ने । | बैठकको निर्णय अनुसार | तोकिएको स्थान, समुदाय | वडा अध्यक्ष, विपद् सम्पर्क व्यक्ति |
| ७ | विषयक्षेत्र (कलष्टर) सक्रिय गराउने । | बैठकको निर्णय अनुसार | गाउँपालिका | सम्वन्धित विषय क्षेत्रगत समूह नेतृत्व |
| ८ | अस्थायी आधारभूत सेवा सुविधा र सुरक्षाको व्यवस्था गर्ने, गराउने । | आश्रय स्थलमा सम्वन्धित परिवार वसोवास गर्न सुरु गरेपछि | सम्वन्धित आश्रय स्थल | सबै विषय क्षेत्रगत समूह नेतृत्व |
| ९ | यातायात व्यवसायीहरुसँग समन्वय गरी जोखिममा रहेका बाटोमा आवतजावत बन्द गर्ने । | सरोकारवालासँगको बैठकको निष्कर्ष अनुसार | गाउँपालिका र सुरक्षा निकायको कार्यक्षेत्र | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय |

| | | | | |
|---|---|---|---|---|
| | | | | अधिकृत |
| १० | जिल्ला प्रशासन कार्यालय/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा अन्य निकायसँग समन्वयमा रहने । | आवश्यकता अनुसार निरन्तर | गाउँपालिका कार्यालय | विपद् सम्पर्क व्यक्ति |

**नोट :**

१) वर्षाको पूर्वानुमानको आधारमा पहिरोको जोखिममा रहेका समुदायलाई सामान्यतया ३ दिनको भारी वर्षाको सूचना पाएपछि वा कुनै पनि बखतमा ३ दिनभन्दा कम अवधिको सूचना पाएपछि त्यस अवधिलाई अन्तिम विन्दु (Trigger)मानेर पहिरोको जोखिममा रहेका समुदायलाई तत्काले सुरक्षित ठाउँमा सर्न, सार्न आवश्यक पहल गरिनेछ । कतिपय अवस्थामा २४ वा अझ कम अवधिको मात्र जानकारी आउन पनि सक्छ । रातिको समयमा पहिरोको उद्धार गर्न कठिन हुन्छ । तसर्थ २४ घण्टाको पूर्वसूचनामा वास्तविक उपलब्ध अवसर समय २-४ घण्टा मात्र हुन पनि सक्छ ।

२) पहिरो र ढुंगा खस्ने जोखिमको स्थानीय निगरानी गर्दा अनुगमनकर्ताले पहिरो जाने प्रवल सम्भावना छ भनी खबर ल्याएमा वडा विपद् व्यवस्थापन समिति र गाउँपालिकाको स्रोत साधन परिचालन गरी सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका वासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरु अबलम्बन गरिनेछ । अवस्थाको विचार गरी निगरानीकर्ताको खबरको आधारमा गाउँपालिकाबाट तत्कालै जाँचवुझ टोली खटाएर उक्त स्थानको निरीक्षण गरी आवश्यक निर्णय गर्न पनि सकिनेछ ।

३) जोखिममा रहेका समुदायलाई अस्थायी रुपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय सरोकारवाला तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल र समन्वय गरिनेछ ।

४) अवसर समय तीन दिन वा सो भन्दा कम रहेको अवस्थामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा विपद् सम्पर्क व्यक्तिले जिल्ला प्रशासन कार्यालय र स्थानीय सरोकारवालासँग परामर्श गरी तत्कालै आवश्यक निर्णय गरिनेछ ।

## ३.३ आपत्कालीन प्रतिकार्य योजना :

यस अन्तर्गत खोज, उद्धार र स्थानान्तरण योजना तथा विपद् पश्चात परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य र शीघ्र पुनर्लाभका कार्यहरु पर्दछन् । यसमा विपद्को समय र विपद् पश्चात तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवं जोखिम क्षेत्रबाट प्रभावितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरु समावेश गरिएका छन् । विपद् प्रतिकार्यका लागि गठित विषय क्षेत्रहरु परिचालन गर्न तपसिल वमोजिमका क्रियाकलापहरु तर्जुमा गरिएको छ :

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना :

विपद् प्रतिकार्य गर्न समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्वन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छ :

| क.सं. | प्रतिकार्य सम्वन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा विपद् व्यवस्थापन समितिको बैठक वस्ने । | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, विषय क्षेत्र |
| २ | विपद्ले प्रभाव पारेको तथा जोखिममा रहेका व्यक्ति तथा समुदाय र महत्वपूर्ण सम्पत्ति सुरक्षित स्थानमा स्थानान्तरण गर्न सुरक्षा निकाय र खोज तथा उद्धार टोली/कार्यदल परिचालन गर्ने । | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय समिति |
| ३ | विपद्मा परी घाइते भएकालाई उद्धार गर्ने र हराइरहेका व्यक्तिहरुको तथ्याङ्क तयार गरी खोजी गर्ने । | तत्काल | सुरक्षा निकाय, खोज तथा उद्धार टोली र स्वयंसेवक |
| ४ | तत्कालै घटनाको अवलोकन, निरीक्षण गर्ने र प्रारम्भिक द्रुत लेखाजोखाको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने । | विपद् पश्चात ७२ घण्टा भित्र | सर्वेक्षण टोली |
| ५ | विपद्बाट मृत्यु भएमा सोको तथ्याङ्क र लगत तयार गरी सनाखत गर्ने व्यवस्था मिलाउने र शव हस्तान्तरण/व्यवस्थापन गर्ने । | विपद्को समयमा | सुरक्षा निकाय, उद्धार टोली, नेपाल रेडक्रस सोसाइटी, स्वयं सेवक |
| ६ | पीडित समुदायलाई थप जोखिमबाट बचाउन र सहयोग पुऱ्याउन अन्य विषय क्षेत्र र सरोकारवाला निकायसँग समन्वय गर्ने । | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति, विषय क्षेत्र |
| ७ | वहुक्षेत्रगत सर्वेक्षण गरी क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरु समेटी सुझाव सहितको विषय क्षेत्र केन्द्रित प्रतिवेदन (प्रारम्भिक द्रुत लेखाजोखा) स्थानीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने । | विपद् पश्चात ७२ घण्टा देखि ७ दिन भित्र | सर्वेक्षण टोली, सम्वन्धित शाखा, नेपाल रेडक्रस सोसाइटी, वडा स्तरीय समिति, विषय क्षेत्र |
| ८ | समीक्षा तथा योजना तर्जुमा बैठक बस्ने र तर्जुमा गरिएको योजना कार्यान्वयन गर्ने/गराउने । | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, सम्वन्धित शाखा तथा विषय क्षेत्र |
| ९ | विस्थापित भई शिविरमा बसेका, घरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घरगोठ पूर्ण रुपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते भएकाहरुलाई स्वीकृत मापदण्ड वमोजिम राहत रकम उपलव्ध गराउने । | विपद् पश्चात तत्काल | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय समिति, वडा कार्यालय |
| १० | विपद्को संकटकाल घोषणा गर्नुपर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने । | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| ११ | प्रभावितहरुलाई राहत वितरणको अवस्थाको बारे जानकारी लिने र प्रभावितहरुको समस्याबारे पनि निरन्तर जानकारी लिने । | विपद् पश्चात | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय |
| १२ | सरोकारवालाहरुसँग नियमित समन्वय, छलफल र बैठक गर्ने । | नियमित | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति |

## ३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना :

प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्न खाद्य तथा कृषि क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | प्रतिकार्य सम्वन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचानमा सहयोग गर्ने । | विपद् पश्चात तत्काल | कृषि शाखा र विषय क्षेत्रका सदस्यहरु |
| २ | विपद्बाट प्रभावित भएकाहरुलाई खाद्यान्न वितरण गर्ने । | विपद्को पहिलो दिन | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ३ | सर्वेक्षण टोलीको सिफारिसको आधारमा आवश्यक खाद्य सामग्रीको व्यवस्था गरी निर्धारित मापदण्ड बमोजिम वितरण गर्ने । | दोस्रो दिनदेखि निरन्तर | विपद् व्यवस्थापन शाखा, कृषि शाखा, वडा स्तरीय समिति |
| ४ | भण्डारण गरिएको खाद्य सामग्री अपुग हुने देखिएमा तत्काल खरिद गरी आपूर्तिको व्यवस्था मिलाउने । | आवश्यकता अनुसार | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, विषय क्षेत्र |
| ५ | प्रतिकार्यका लागि गाउँपालिकाको क्षमताले नभ्याउने भएमा थप सहयोगका लागि जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा थप सहयोग उपलब्ध गराउन अनुरोध गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत |
| ६ | थप खाद्य सामग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरुसँग समन्वय तथा अनुरोध गर्ने । | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, विषय क्षेत्र |
| ७ | खाद्य सामग्री वितरणमा आइपरेका समस्या तथा चूनौतीहरुको विषयमा विषयक्षेत्रको समीक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदन स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने । | प्रतिकार्यको आधारमा कम्तीमा एक पटक | कृषि शाखा, विषय क्षेत्र |
| ८ | प्रभावित परिवारका महिला, बालबालिका, गर्भवती, सुत्केरी, जेष्ठ नागरिक तथा अन्य लक्षित समुदायिक | आवश्यकता अनुसार | कृषि शाखा, स्वास्थ्य शाखा सहित विषय क्षेत्र |

| | | | |
|---|---|---|---|
| | नागरिकलाई आवश्यकताका आधारमा पोषिलो आहार उपलब्ध गराउने । | | |

### ३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना :

विपद् प्रतिकार्यको सन्दर्भमा स्वास्थ्य तथा पोषण क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क.सं. | प्रतिकार्य सम्वन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| २ | विपद्को घटनामा घाइते भएकाहरुको प्राथमिक उपचार गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| ३ | स्थानीय स्तरमा उपचार हुन नसक्ने घाइते तथा विरामीलाई नजिकको स्वास्थ्य केन्द्र वा अस्पताल लैजान व्यवस्था मिलाउने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| ४ | महामारी रोकथाम र व्यक्तिगत सरसफाइ कायम राख्न स्वास्थ्य शिक्षा प्रदान गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| ५ | विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्ने र मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| ६ | प्रभावित क्षेत्रमा नियमित खोप र गर्भवती जाँच संचालन गर्ने र प्रभावितहरुहको स्वास्थ्य परीक्षण पनि नियमित रुपमा गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| ७ | गर्भवती, महिला, सुत्केरी, वालवालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| ८ | औषधि, सुरक्षाका सामग्री (पिपिइ सेट, सर्जिकल मास्क, स्यानिटाइजर, साबुन) तथा उपकरण (थर्मल गन, भेन्टिलेटर, फ्रिज, टेस्टिंग किट) लगायतका सामग्रीहरु पहिचान गरी सोको व्यवस्था गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका, स्वास्थ्य शाखा, विषय क्षेत्र |
| ९ | प्रभावित क्षेत्रमा रोग फैलिन नदिनका | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषय |

| | | | |
|---|---|---|---|
| | लागि स्वास्थ्यकर्मी र स्वयंसेवक परिचालन गर्ने । | | क्षेत्र |
| १० | दक्ष स्वास्थ्यकर्मीको सहयोगमा शवको पोष्टमार्टम तथा शव व्यवस्थापन गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| ११ | न्यूनतम प्रारम्भिक सेवा प्याकेज सम्वन्धी तालिम गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका, स्वास्थ्य शाखा, विषय क्षेत्र |

### ३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना :

विपद् प्रतिकार्य गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क.सं. | प्रतिकार्य सम्वन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्काले | सामाजिक विकास शाखा |
| २ | विपद् प्रभावित क्षेत्र वा शिविर संचालन भएको स्थानमा शुद्ध खानेपानीको प्रवन्ध गर्ने । | विपद् पश्चात तत्काले | खानेपानी तथा सरसफाइ शाखा, विषय क्षेत्र |
| ३ | विपद्का कारण सिर्जित फोहोर व्यवस्थापनको कार्य गर्ने । | विपद् पश्चात तत्काले | खानेपानी तथा सरसफाइ शाखा, विषय क्षेत्र |
| ४ | पियुष, क्लोरिन जस्ता खानेपानी शुद्धीकरणका औषधि तथा व्यक्तिगत सरसफाइका लागि हाइजिन किट वितरण गर्ने र सरसफाइ तथा स्वच्छता कायम गर्न चेतनामूलक कार्यक्रम गर्ने । | विपद् पश्चात तत्काले | खानेपानी तथा सरसफाइ शाखा, विषय क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ५ | खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने । | विपद् पश्चात तत्काले | सामाजिक विकास शाखा, विषय क्षेत्र |
| ६ | भत्केका खानेपानी संरचनाहरुको मर्मत सम्भारका लागि आवश्यक स्रोतको खोजी गरी शुद्ध खानेपानीको व्यवस्था गर्ने । | विपद् पश्चात तत्काले | खानेपानी तथा सरसफाइ शाखा, विषय क्षेत्र |
| ७ | प्रभावित परिवारलाई अस्थायी खानेपानी र शौचालयको व्यवस्था गर्ने । | विपद् पश्चात तत्काले | खानेपानी तथा सरसफाइ शाखा, विषय क्षेत्र |

### ३.३.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना :

विपद् प्रतिकार्य गर्न आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको आपत्कालनि प्रतिकार्य सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क.सं. | प्रतिकार्य सम्वन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्काल | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी |
| २ | पहिचान भएको सुरक्षित स्थानमा आश्रय वा वासको लागि अस्थायी संरचना निर्माण गर्ने । | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषय क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ३ | आवश्यक गैर खाद्य सामग्री जस्तै : त्रिपाल, कम्वल, भाँडाकुडा उपलव्ध गराउने । | आवश्यकता अनुसार | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषय क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ४ | प्रभावित परिवार वसेको आश्रय स्थल र बसोबास गरिरहेको स्थानमा नियमित अनुगमन गर्ने । | नियमित | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषय क्षेत्र, नेपाल रेडक्रस सोसाइटी |

## ३.३.६ संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना :

विपद् प्रतिकार्य गर्न संरक्षण तथा सुरक्षा क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क.सं. | प्रतिकार्य सम्वन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्कालै | महिला तथा बालबालिका शाखा, विषय क्षेत्र |
| २ | पहिचान भएका आवश्यकता बमोजिम गर्भवती, महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सहयोग गर्ने । | विपद् पश्चात तत्कालै र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषय क्षेत्र |
| ३. | गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आवश्यक सामग्रीहरुको दैनिक सूची तयार गरी सामग्री जुटाउने र वितरण गर्ने । | आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषय क्षेत्र |
| ४ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तै : डिग्निटी किट वितरण गर्ने । | विपद् पश्चात सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषय क्षेत्र |
| ५ | विपद्को घटनाबाट मानसिक रुपमा प्रभावित व्यक्ति र परिवारका सदस्य गुमाएका व्यक्तिहरुलाई परिस्थितिको आँकलन गरी मनोसामाजिक परामर्श | विपद् पश्चात सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा, विषय क्षेत्र |

| | | | |
|---|---|---|---|
| | सेवा उपलब्ध गराउने । | | |
| ६ | संरक्षण तथा सुरक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने । | प्रतिकार्य कार्य सम्पन्न भएपछि | महिला तथा बालबालिका शाखा, विषय क्षेत्र |

### ३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना :

विपद् प्रतिकार्य गर्न आपत्कालीन शिक्षा क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क.सं. | प्रतिकार्य सम्वन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात | शिक्षा शाखा, विषय क्षेत्र |
| २ | प्रकोपबाट प्रभावित विद्यालयहरुको सूची तयार गरी सम्वन्धित विद्यालयका विद्यार्थीहरुले गुमाएका पठनपाठनका सामग्रीहरुको विवरण तयार गर्ने । | विपद् पश्चात तत्कालै | शिक्षा शाखा, विद्यालय, विषय क्षेत्र |
| ३ | विद्यालय ३ (तीन) दिन भन्दा बढी बन्द हुने अवस्था भएमा आपत्कालीन शिक्षाका लागि प्रवन्ध मिलाउने । | आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय, विषय क्षेत्र |
| ४ | आपत्कालीन शिक्षाका लागि आवश्यक सरसामानको व्यवस्था गरी पठनपाठन सुचारु गर्ने । | आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय, विषय क्षेत्र |
| ५ | शिक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने । | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | शिक्षा शाखा, विषय क्षेत्र |

### ३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजनाः

विपद् प्रतिकार्य गर्न आपत्कालीन शीघ्र पुनर्लाभ क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क.सं. | प्रतिकार्य सम्वन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात | पूर्वाधार विकास शाखा, विषय क्षेत्र |
| २ | भौतिक संरचनाहरु नोक्सान भई सेवा अवरुद्ध भएको स्थान पहिचान गरी तथ्याङ्क संकलन गर्ने र तत्काल सुचारु गर्नुपर्ने सेवाहरुको प्राथमिकिकरण गर्ने । | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषय क्षेत्र |
| ३ | सार्वजनिक सेवा अवरुद्ध भएका भौतिक संरचनाहरुको मर्मत सम्भारका लागि टोली परिचालन गरी सेवा सुचारु गर्ने । | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषय क्षेत्र |

| | | | |
|---|---|---|---|
| ४ | विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभाव लेखाजोखा गरी शीघ्र पुनर्लाभका कार्यक्रम संचालन गर्ने । | विपद् पश्चात तीन महिनाभित्र | विपद् व्यवस्थापन शाखा, सामाजिक विकास शाखा,विषय क्षेत्र |
| ५ | शीघ्र पुनर्लाभ क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने । | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | पूर्वाधार विकास शाखा, विषय क्षेत्र |

# परिच्छेद-चार

# बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा :

## ४.१ स्रोत साधनको वर्तमान अवस्था :

बन्दोवस्तीका सामग्रीहरुको उपलब्धताको लेखाजोखा विषय क्षेत्रका आधारमा गरिएको छ । यस गाउँपालिकामा विपद्जन्य घटनाहरुमा सम्वन्धित विषयक्षेत्र अन्तर्गत उपलव्ध श्रोत साधन तथा सामग्रीहरुको विद्यमान अवस्था देहाय बमोजिम रहेको छ :

| विषय क्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| **समग्र व्यवस्थापन/सूचना खोज तथा उद्धार** | दमकल (आवश्यक औजार सेट सहित) | यस गाउँपालिकामा छैन । | |
| | एक्साभेटर (जेसिवि) | १ वटा | गाउँपालिका |
| | लाईफ ज्याकेट | छैन | |
| | क्लाइम्विङ डोरी | ७ रोल | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | सेफ्टी हेल्मेट | ७६ वटा | वडा कार्यालय, इप्रका |
| | रबर बोट | छैन | |
| | स्ट्रेचर | ३० | गाउँपालिका, ७ नं. वडा कार्यालय, इप्रका |
| | मेगा ह्यान्ड माइक | ४ | |
| | इमर्जेन्सी टर्च लाइट | ५ वटा | ४ नं. वडा कार्यालय |
| | आगो निभाउने यन्त्र | ३ वटा | इप्रका |
| | साइरन | छैन | |
| | रवरको पंजा | २० थान | स्वास्थ्य शाखा |
| | थ्रो व्याग | छैन | |
| | प्राथमिक उपचार किट | ५ वटा | स्वास्थ्य शाखा |
| | कालो म्याट | आवश्यकता अनुसार | |
| | डोम टेन्ट | ६ थान | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | एम्बुलेन्स | १ वटा | स्वास्थ्य शाखा |
| | सप्पल | वटा | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालयहरु र इलाका प्रहरी कार्यालय |

| | | | |
|---|---|---|---|
| | साबेल | २६ वटा | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालयहरु र इलाका प्रहरी कार्यालय |
| | गैती | २६ वटा | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालयहरु र इलाका प्रहरी कार्यालय |
| | त्रिपाल | ३३ थान | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| **खाद्यान्न तथा कृषि** | किटनाशक विषादी | आवश्यकता अनुसार उपलव्ध हुने । | कृषि शाखा |
| | चामल | आवश्यकता अनुसार उपलव्ध हुने । | स्टकमा राख्ने गरेको छैन तर आवश्यकता अनुसार उपलव्ध हुने गरेको छ । स्थानीय बजार र पसललाई सम्पर्कमा राखिएको छ । |
| | नुन, तेल प्याकेट | आवश्यकता अनुसार उपलव्ध हुने । | |
| **स्वास्थ्य तथा पोषण** | स्यानिटरी प्याड | आवश्यकता अनुसार उपलव्ध हुने । | शिक्षा र स्वास्थ्य शाखामा |
| | इमरजेन्सी किट | आवश्यकता अनुसार उपलव्ध हुने । | |
| | ह्यान्ड वास तथा साबुन | १०० थान | स्वास्थ्य शाखा |
| | पिपिई सेट/गाउन | १० सेट | स्वास्थ्य शाखा |
| | सर्जिकल ग्लोब | १५ वक्स | स्वास्थ्य शाखा |
| | स्यानिटाइजर | ५० वोतल | स्वास्थ्य शाखा |
| | क्लोरिन पाउडर | १० वक्स | स्वास्थ्य शाखा |
| | मेडिसिन | आवश्यकता अनुसार उपलव्ध हुने । | स्वास्थ्य शाखा |
| | आर.एल. बोतल | २० | स्वास्थ्य शाखा |
| **खानेपानी, सरसफाइ तथा स्वच्छता** | पियुष | १ वाकस | स्वास्थ्य शाखा |
| | एक्वा ट्याब | छैन | |
| | पि.ए.भाइल | आवश्यकता अनुसार उपलव्ध हुने । | खानेपानी तथा सरसफाइ शाखा |
| | पानी जाँच्ने किट | २ | खानेपानी तथा सरसफाइ शाखा |
| | पाइप तथा फिटिंग्स | आवश्यकता अनुसार उपलव्ध हुने । | खानेपानी तथा सरसफाइ शाखा |
| | अस्थायी शौचालय किट | छैन | |
| | इन्धनबाट चल्ने आरा/ह्याक्सा | छैन | |

| | | | |
|---|---|---|---|
| **आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्वारेन्टाइन व्यवस्थापन** | एयर लिफ्ट् व्याग | आवश्यकता अनुसार उपलव्ध हुने । | जिल्ला प्रशासन कार्यालय |
| | भाँडाकुडाँ सेट | आवश्यकता अनुसार उपलव्ध हुने र | |
| | जस्तापाता | आवश्यकता अनुसार उपलव्ध हुने । | गाउँपालिका |

**स्रोत : शिवालय गाउँपालिका, विपद् व्यवस्थापन शाखा**

## ४.२ गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा रहेका विपद् प्रतिकार्य सामाग्रीहरु :

| क्र.सं. | सामाग्रीको नाम | परिमाण |
|---|---|---|
| **१. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र** | | |
| १ | टेन्ट | ४ थान |
| २ | नाइलन डोरी | ७ रोल |
| ३ | प्लाष्टिक | ४ रोल |
| ४ | सानो टेन्ट | २ थान |
| ५ | त्रिपाल | ३३ थान |
| ६ | सेफ्टी हेल्मेट | १२ थान |
| ७ | सावेल | ३ थान |
| ८ | गैती | २ थान |
| ९ | पियुष | १ कार्टुन |
| १० | ग्लोभ्स | १२ जोडी |
| ११ | प्लाष्टिक वाल्टी | ४० थान |
| १२ | प्लाष्टिक जग | २० थान |
| १३ | सिट्टी | ८ थान |
| १४ | स्ट्रेचर | १२ थान |
| १५ | स्लिपिङ व्याग | २० थान |
| **२. वडा नं. १ को कार्यालय** | | |
| १ | सेफ्टी हेल्मेट | ५ थान |
| २ | सावेल | १ थान |
| ३ | गैती | १ थान |
| ४ | सप्पल | १ थान |
| **३. वडा नं. २ को कार्यालय** | | |
| १ | सेफ्टी हेल्मेट | ५ थान |
| २ | सप्पल | २ थान |
| ३ | सावेल | २ थान |
| ४ | गैती | २ थान |
| ५ | टेन्ट | १ थान |
| **४. वडा नं. ३ को कार्यालय** | | |
| १ | सेफ्टी हेल्मेट | ५ थान |
| २ | गैती | ४ थान |
| ३ | सप्पल | २ थान |

| | | |
|---|---|---|
| ४ | हतौडा | २ थान |
| ५ | सावेल | २ थान |
| **५. वडा नं. ४ को कार्यालय** | | |
| १ | गैती | ५ थान |
| २ | हतौडा | ५ थान |
| ३ | सेफ्टी बेल्ट | २ थान |
| ४ | वन्चरो | १ थान |
| ५ | रेन कोट | १० थान |
| ६ | गम बुट | १० थान |
| ७ | हेल्मेट | ५ थान |
| ८ | ठेला गाडा | २ थान |
| ९ | सावेल | ५ थान |
| १० | कोदालो | ५ थान |
| ११ | फरुवा | २ थान |
| १२ | टर्च | ५ थान |
| १३ | व्याग प्याक (झोला) | ५ थान |
| **६. वडा नं. ६ को कार्यालय** | | |
| १ | सेफ्टी हेल्मेट | ५ थान |
| २ | सावेल | २ थान |
| ३ | सप्पल | २ थान |
| ४ | गैती | २ थान |
| **७. वडा नं. ७ को कार्यालय** | | |
| १ | सेफ्टी हेल्मेट | ७ थान |
| २ | सावेल | ३ थान |
| ३ | गैती | ३ थान |
| ४ | स्ट्रेचर | १३ थान |
| **८. वडा नं. ८ को कार्यालय** | | |
| १ | सेफ्टी हेल्मेट | ५ थान |
| २ | सावेल | २ थान |
| ३ | गैती | ३ थान |
| ४ | सप्पल | १ थान |
| **९. वडा नं. ९ को कार्यालय** | | |
| १ | सेफ्टी हेल्मेट | ५ थान |
| २ | सावेल | २ थान |
| ३ | गैती | २ थान |
| ४ | सप्पल | २ थान |
| **१०. इलाका प्रहरी कार्यालय, सिम** | | |
| १ | हेल्मेट | २१ थान |
| २ | गमबुट | ३ जोर |
| ३ | फोल्डिङ्ग स्ट्रेचर | ५ थान |
| ४ | डोरी | ४ रोल |

| | | |
|---|---|---|
| ५ | गैती | २ थान |
| ६ | साबेल | २ थान |
| ७ | फरुवा | ४ थान |
| ८ | बन्चरो | १ थान |
| ९ | हसिया | २ थान |
| १० | वाल्टिन | २ थान |
| ११ | माईक | ३ थान |
| १२ | फायर सुट | १ थान |
| १३ | Fire Extinguisher | २ थान |
| **छेडा प्रहरी चौकी** | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| **१२. अस्थायी प्रहरी पोष्ट, थाला रैकर** | | |
| **१** | गैती | २ थान |
| **२** | वेल्चा | २ थान |
| **३** | साबेल | २ थान |
| **४** | फ्लोरेन्सा ज्याकेट | ३ थान |
| **५** | नाइलनको डोरी | १ थान |
| **६** | फायर सुट | १ थान |
| **७** | Fire Extinguisher | १ थान |
| **८** | ह्यान्ड माइक | १ थान |
| **९** | हेल्मेट | ६ थान |

**स्रोत : शिवालय गाउँपालिका, विपद् व्यवस्थापन शाखा**

## ४.३ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता :

गाउँपालिकामा विपद्जन्य घटनामा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्य, विषय क्षेत्रका सदस्य परिचालित हुनेछन् र वडा विपद् व्यवस्थापन समितिसँगको समन्वयमा स्थानीय समुदायहरु पनि प्रतिकार्यका लागि परिचालित हुनेछन् । यस बाहेक गाउँपालिका स्थित इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र अस्थायी प्रहरी पोष्टमा कार्यरत नेपाल प्रहरीहरु पनि प्रतिकार्य, खोज तथा उद्धारका लागि परिचालित हुनेछन् साथै सबै वडामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु पनि परिचालित हुनेछन् । जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समिति मार्फत विभिन्न माध्यमबाट पूर्व सूचनाको जानकारी प्राप्त गर्ने र आम समुदायमा प्रेषण गरिनेछ । जनशक्ति सम्वन्धी विवरण हेरफेर भइ रहन सक्ने हुँदा सवै विषय क्षेत्रले विपद् प्रतिकार्यका लागि विद्यमान जनशक्तिको तथ्याङ्क नियमति रुपमा अद्यावधिक गरी एकीकृत अभिलेख राख्ने प्रयोजनका लागि विपद् व्यवस्थापन शाखामा पठाउनुपर्नेछ । गाउँपालिकामा हालसम्म विपद् प्रतिकार्य, खोज तथा उद्धार तालिम लिएका जनशक्तिहरुको विवरण अभिलेखीकरण

गरिएको छैन । नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरी आधारभूत प्राथमिक उपचार लगायत विपद् पूर्वतयारी, प्रतिकार्य र खोज तथा उद्धारका तालिमहरु संचालन गर्ने लक्ष्य रहेको छ ।

## ४.४ गैर खाद्य सामग्रीको भण्डारण स्थल :

यस गाउँपालिकामा विपद्का घटनाहरुमा प्रतिकार्यको लागि गैर खाद्य सामग्रीहरुको गोदाम घरको हालसम्म व्यवस्था गरिएको छैन ।

## ४.५ मानवीय सहायता स्थल :

शिवालय गाउँपालिकाको वडा नं. ३ स्थित इलाका प्रहरी कार्यालयमा हेलिकप्टर अवतरण गर्न सकिने स्थान छ । त्यसैगरी सवै वडा कार्यालयहरु रहेको स्थानमा पनि हेलिकप्टर अवतरण गर्न सकिने खुल्ला स्थल रहेको छ । यी स्थानहरुलाई मानवीय सहायता तथा विपद् प्रतिकार्यको निमित्त उपयोग गर्न सकिन्छ । विपद्को समयमा थप सहायताको लागि जिल्ला विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटीबाट थप उद्धार सामग्री, तालिम प्राप्त जनशक्ति सहयोग आवश्यकता अनुसार प्राप्त गर्न सकिनेछ ।

## ४.५ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत :

गाउँपालिकामा रहेका विद्यमान स्रोत साधनका अतिरिक्त विपद् प्रतिकार्यका लागि विषय क्षेत्रहरुलाई आवश्यक पर्ने थप स्रोत, साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकाम प्रस्तुत गरिएको छ :

**समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता :**

| क्र.सं. | आवश्यक साधन/उपकरण | थप संख्या वा परिमाण ( न्यूनतम) | अनुमानित रकम/कैफियत |
|---|---|---|---|
| १ | टिप्पर | १ | लिष्टमा उपलव्ध नभएका सामान तथा साधन भाडामा लिने र नभएका सामग्रीको खरिदका लागि विपद् व्यवस्थापन कोषको रकम उपयोग गर्ने । |
| २ | स्काइभेटर/व्याकहोइलोडर | २ | |
| ३ | लाइफ ज्याकेट | २० | |
| ४ | डोरी | ५०० मिटर | |
| ५ | शव बाहन | १ | |
| ६ | एम्बुलेन्स | १ | |
| ७ | पानी बोट | २ | |
| ८ | रबर बुट | १०० जोर | |
| ९ | हेल्मेट | १५० थान | |
| १० | रवर पन्जा | १०० जोर | |
| ११ | गैती | ५० थान | |
| १२ | सावेल | ५० थान | |
| १३ | सप्पल | ५० थान | |
| १४ | साइरन | ९ थान | |

**खाद्य तथा कृषि क्षेत्र अन्तर्गत स्रोत साधनको थप आवश्यकता :**

| क्र.सं. | आवश्यक साधन/उपकरण | थप संख्या वा परिमाण ( न्यूनतम) | अनुमानित रकम/कैफियत |
|---|---|---|---|
| १ | चामल | ५० क्विन्टल | तत्काल नभई नहुने उपरोक्त |

| | | | |
|---|---|---|---|
| २ | दाल | २५ क्विन्टल | सामग्री खरिद गर्नको लागि गाउँपालिकाको विपद् व्यवस्थापन कोषको रकम उपयोग गरिने । |
| ३ | तेल | १००० लिटर | |
| ४ | नुन | २०० प्याकेट | |
| ५ | चिउरा | ५० क्विन्टल | |
| ६ | दालमोठ | २५ क्विन्टल | |
| ७ | बालबालिका, बृद्धबृद्धा तथा गर्भवती महिलाको लागि पोषणयुक्त खानाको व्यवस्था | ५० जना | |

**खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता :**

| क्र.सं. | आवश्यक साधन/उपकरण | थप संख्या वा परिमाण ( न्यूनतम) | अनुमानित रकम/कैफियत |
|---|---|---|---|
| १ | खानेपानी ट्यांकी १००० लि. | ९ | लिष्टमा उपलब्ध नभएका सामान तथा साधन भाडामा लिने र नभएका सामग्रीको खरिद का लागि विपद् व्यवस्थापन कोषको रकम उपयोग गर्ने । |
| २ | इन्धनबाट चल्ने आरा | २ | |
| ३ | हाइजिन किट | ५० सेट | |
| ४ | पियुष | ५०० थान | |

**संरक्षण तथा सुरक्षा क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता :**

| क्र.सं. | आवश्यक साधन/उपकरण | थप संख्या वा परिमाण ( न्यूनतम) | अनुमानित रकम/कैफियत |
|---|---|---|---|
| १ | डिग्निटी किट | ५० सेट | लिष्टमा उपलब्ध नभएका सामान तथा साधन भाडामा लिने र नभएका सामग्रीको खरिद का लागि विपद् व्यवस्थापन कोषको रकम उपयोग गर्ने । |
| २ | ह्विल चियर | ५ थान | |
| ३ | स्ट्रेचर | २० थान | |

**आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता**

| क्र.सं. | आवश्यक साधन/उपकरण | थप संख्या वा परिमाण ( न्यूनतम) | अनुमानित रकम/कैफियत |
|---|---|---|---|
| १ | त्रिपाल | ५० थान | लिष्टमा उपलब्ध नभएका सामान तथा साधन भाडामा लिने र नभएका सामग्रीको खरिद का लागि विपद् व्यवस्थापन कोषको रकम उपयोग गर्ने । |
| २ | टेन्ट | २५ थान | |
| ३ | न्यानो कपडा कम्वल | ५० थान | |
| ४ | म्याट्रेस | ५० थान | |
| ५ | गैर खाद्य सामग्री (भाडा) सेट | ५० सेट | |

नोट : आवश्यक सामग्रीको आवश्यकता सम्वन्धी थप जानकारी प्राप्त भएपछि अद्यावधिक गरिनेछ ।

# परिच्छेद-५
# विविध

## ५.१ स्रोत साधनको व्यवस्थापन :

विपद् व्यवस्थापनका लागि स्रोत जुटाउन गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन कोषको व्यवस्था गर्ने योजना रहेको छ । विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्न उक्त कोषमा उपलब्ध बजेट विषय क्षेत्रलाई बजेटको आवश्यकता र उपलब्धताका आधारमा रकम निकासा गरिनेछ । कोषमा पर्याप्त बजेट उपलब्ध नभएको अवस्थामा स्वीकृत वार्षिक बजेटबाट विपद्को अवस्थाको आधारमा रकम उपलब्ध गराइनेछ ।

गाउँपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयन सम्भव नहुने क्रियाकलापको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत संघीय सरकारसँग अनुरोध गरिनेछ । साथै थप आवश्यक सहयोगका लागि मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ । यस व्यवस्थापन सम्वन्धी थप विस्तृत विवरण निम्नानुसार छन् :

१. यस शिवालय गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, नियमावली २०७६, स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७९, स्थानीय विपद् व्यवस्थापन कार्यविधि २०७५, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७८ मा प्रवन्ध भए वमोजिमका आवश्यक संस्थागत संरचना र नीतिगत प्रवन्ध गरिनेछ ।

२. विपद् व्यवस्थापनका लागि यस गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेटबाट परिचालन गरिनेछ ।

३. गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत वार्षिक बजेट विपद् व्यवस्थापन शीर्षकको बजेटबाट रकम उपलब्ध गराई प्राथमिकताका आधारमा पूर्वतयारीका गतिविधिहरुको कार्यान्वयनको सुरुवात गरिनेछ । क्रमशः आगामी वर्षको वार्षिक कार्यक्रममा यस योजनाको कार्यान्वयनको लागि आवश्यक स्रोत व्यवस्थापन गरिनेछ ।

४. गाउँपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयनमा अपुग हुने तथा प्रदेश र संघीय सरकारको समेत प्राथमिकतामा पर्ने क्रियाकलापहरुको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत संघीय सरकासँग अनुरोध गरी स्रोत जुटाइनेछ ।

५. विकास साझेदार संस्थाहरु (दुईपक्षीय, वहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरु र रेडक्रस अभियान) बाट प्राप्त हुने सहायतालाई यस योजनाको कार्यान्वयनको लागि परिचालन गरिनेछ ।

६. निजी तथा व्यवसायिक क्षेत्रको व्यवसायिक समाजिक उत्तरदायित्व र अन्य पहल मार्फत निजी क्षेत्रको सहभागिता र सहायता विपद् पूर्वतयारी र प्रतिकार्यका लागि परिचालन गरिनछ ।

७. गाउँपालिकामा रहेका सामाजिक तथा सामुदायिक संस्थासँग भएको भौतिक, सामाजिक, आर्थिक तथा मानवीय स्रोतलाई यस योजनाको कार्यान्वयनको लागि एकिकृत रुपमा परिचालन गरिनेछ ।

८. यस योजनाको कार्यान्वयनको अवस्था अनुगमन तथा मुल्यांकन गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले गर्नेछ । उक्त अनुमगन समितिले अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्नेछ ।

९. विपद् पोर्टल तयार गरी विपद्बाट भएको क्षति तथा विपद् व्यवस्थापन सम्वन्धी भएका क्रियाकलापहरु गाउँपालिकाको वेवसाइटमा नियमित रुपमा अद्यावधिक गरिनेछ ।

१०. स्थानीय विपद् व्यवस्थापन समितिले वर्षभरिको विपद्को अवस्था र गतिविधि समेटेर गाउँ विपद् प्रतिवेदन सामान्य अवस्थामा वार्षिक रुपमा प्रकाशन गर्नेछ भने कुनै ठूलो विपद्को अवस्था आएमा आवश्यकता अनुसार प्रतिवेदनहरु प्रकाशित गरिनेछ ।

## ५.२ अन्य निकायहरुसँगको समन्वय र सहकार्य :

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि छिमेकी गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा पालिका शाखा, जिल्ला प्रशासन कार्यालय, मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक संघ संस्था तथा निजी क्षेत्रसँग सहयोग र सहकार्य गरिनेछ । विपद्को समयमा खोज तथा उद्धार कार्यको निम्ति दमकल, एम्बुलेन्स, शव वाहन तथा जनशक्ति परिचालनमा जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र नेपाल रेडक्रस सोसाइटीसँग आपत्कालीन समन्वय गरिनेछ । त्यसैगरी खाद्यान्न तथा राहत सामग्रीको व्यवस्थापन र त्यसको भण्डारणका निम्ति पनि उद्योग वाणिज्य संघ, खाद्य संस्थानसँग समन्वय गरिनेछ । त्रिपाल लगायत अन्य लत्ता कपडाको व्यवस्थापन नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा तथा पालिका शाखासँगको समन्वयमा गरिनेछ । एम्बुलेन्सको तत्काल व्यवस्थापनको लागि छिमेकी गाउँ/नगरपालिकासँग समन्वय गरिने र हाल रहेका एम्बुलेन्सलाई तयारी अवस्थामा राखिनेछ । यस्तो सहयोग विशेष गरी बाढी, पहिरो र आगलागीको समयमा तत्काल प्रतिकार्यका लागि अत्यावश्यक मानवीय सहायता तथा उपयोगमा केन्द्रित हुनेछ । अन्य किसिमका थप सहयोग आदानप्रदान गर्न र विपद् व्यवस्थापनलाई प्रभावकारी र किफायती बनाउन अन्य स्थानीय तह तथा संघ संस्थासँग लागत साझेदारी वा सम्झौता गर्न सकिनेछ ।

गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको लागि प्रमुख रुपमा गाउँपालिकाभित्र र वाह्य गरी दुई प्रकारको समन्वय गर्नुपर्दछ । गाउँपालिकाभित्र पनि गाउँपालिका मातहतका निकाय वा समिति वीच र अन्य सरकारी, गैरसरकारी, सामाजिक तथा निजी संस्थाहरुबीच समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ । वाह्य समन्वयमा जिल्ला, प्रदेश र संघीय तहका सुरक्षा निकाय तथा सरकारी निकायहरुसँग र अन्य गैर सरकारी तथा सहयोगी निकाय तथा संस्थाहरुसँगको समन्वय गर्नुपर्दछ । जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित अन्य गैर सरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी थप स्रोत परिचालन गरिनेछ । जिल्ला आप्तकालीन कार्यसञ्चालन केन्द्र र प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग विपद् सम्वन्धी सूचना र प्रतिवेदनहरु आदान प्रदान गर्न स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले आवश्यक समन्वय गर्नेछ ।

## विपद् प्रतिकार्यको दौरानमा निम्न थप कार्यहरु गरिने छ :

१. विषयगत क्षेत्रको अवधारणा अनुसार गाउँपालिका भित्रका सम्पूर्ण विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्वन्धित संस्था तथा निकाहरु सम्वन्धित विषयगत क्षेत्रको सदस्य रहन्छन् र उक्त संस्था तथा निकायहरुसँगको समन्वय र सहकार्यको जिम्मेवारी सम्वन्धित विषयगत क्षेत्रको नेतृत्व गर्ने विषयगत समिति र यसका संयोजक तथा सम्वन्धित शाखाको हुनेछ।
२. जिल्ला, प्रदेश तथा संघीय तहका निकायहरुसँगको समन्वय, सुरक्षा निकायहरुसँगको समन्वय तथा गाउँपालिका बाहिरका सरकारी तथा गैर सरकारी संस्थाहरु र सहयोगी निकायहरुसँगको समन्वयको जिम्मेवारी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

## ५.३ अनुगमन र मुल्याङ्कन :

यस योजनामा गाउँपालिकामा विपद्बाट प्रभावित हुन सक्ने परिवार, मृत्यु हुन सक्ने तथा घाइते हुन सक्नेको संख्या एवं आर्थिक क्षतिको न्यूनीकरण गर्ने लक्ष्य लिइएको छ।

योजना कार्यान्वयनको वार्षिक अनुगमन र मुल्याङ्कन गर्ने कार्य गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ। योजना कार्यान्वयनको नियमित अनुगमन (त्रैमासिक रुपमा वैशाख, श्रावण, कार्तिक, माघ) स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको सहयोगमा स्थानीय विपद् व्यवस्थापन समितिले गर्नेछ।

## वार्षिक अनुगमन र मुल्याङ्कन :

यस योजनाको अनुगमन, मुल्याङ्कन र समीक्षाको लागि देहाय वमोजिमको लक्ष्य सूचकहरु निर्धारण गरिएको छ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **१.गाउँ क्षेत्रमा विपद्बाट हुने मानवीय क्षतिको दर कम भएको हुनेछ।** | | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | २-४ | ५०% | ७०% | ८०% |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | १-२ | ५०% | ७०% | ८०% |
| **२.विपद्बाट प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य मात्रामा कम भएको हुनेछ।** | | | | | |
| २.१ | विपद्बाट प्रभवित हुने परिवारहरुको वार्षिक औसत संख्या | १००-२०० | ५०% | ७५% | ८५% |
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरुको वार्षिक औसत संख्या | २००-३०० | ५०% | ७०% | ८०% |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरुको वार्षिक औसत संख्या | १५-२० | ५०% | ७५% | ८५% |
| २.४ | विपद्बाट क्षति हुने घरहरुको वार्षिक औसत संख्या | ५०-१०० | २५% | ५०% | ७०% |
| **३.विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षतिमा कमी आएको हुनेछ।** | | | | | |
| ३.१ | विपद्बाट क्षति हुने खेतीयोग्य | | ७०% | ८०% | ९०% |

| | | | | | |
|---|---|---|---|---|---|
| | जमिनको वार्षिक औषत संख्या (रोपनी) | | | | |
| ३.२ | विपद्‌बाट क्षति हुने कुल पशु चौपायाको वार्षिक औसत संख्या | | २५% | ५०% | ७५% |
| **४. गाउँपालिका र सरोकारवालाहरुवीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिवृद्धि गर्ने संयन्त्र संख्या** | | | | | |
| ४.१ | संघ, प्रदेश र स्थानीय तहमा समन्वय र सहकार्य विस्तार गर्ने | २५% | २५% | ३५% | ५०% |
| ४.२ | गाउँपालिका र सरोकारवालाहरुवीच विपद् सम्वन्धी (पूर्व तयारी, विपद्‌को समय र विपद् पश्चात) नियमित बैठक वस्नेत । | १ पटक आवश्यकता अनुसार | १ पटक आवश्यकता अनुसार | १ पटक आवश्यकता अनुसार | १ पटक आवश्यकता अनुसार |
| **५. वहु प्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना आँकलन , उपलव्धता र पहुँचमा उल्लेख्य वृद्धि भएको हुनेछ ।** | | | | | |
| ५.१ | कूल क्षेत्रफलको अनुपातमा वहु प्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र संचालन भएको क्षेत्रफलको प्रतिशत | | १% | ५% | १०% |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | १०% | २०% | ४०% |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरुमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागू भएका वडाहरुको संख्या | | ३ | ५ | ९ |
| ५.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्वन्धी सूचना तथा जानकारी समुदायलाई उपलव्ध गराउन सक्ने समुदाय | ० | १० | १० | १४ |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्या | | १००% | १००% | १००% |

## ५.४. योजनाको परिमार्जन :

नमूना अभ्यास तथा कार्यान्वयनको सिकाइका आधारमा हरेक वर्ष यो योजनालाई परिमार्जन गरिनेछ । यस योजना कार्यान्वयनको नियमित अनुगमन र मुल्यांकन गर्ने कार्य अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ । उक्त समितिले माथि उल्लिखित सूचकहरुको आधारमा नियमित रुपमा योजना कार्यान्वयनको अवस्थाको अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नेछ । यस्तो प्रतिवेदनमा औल्याइएका सुधार गर्नुपर्ने विषयलाई सम्वन्धित विषय क्षेत्रले सुधार गरी कार्यान्वयन गर्नुपर्नेछ र योजनामा नै सुधार गर्नुपर्ने अवस्थामा विपद् पूर्वतयारी तथा प्रतिकार्य

योजनाको परिमार्जन गर्दा समावेश गरिनेछ । पुनरावलोकन तथा पृष्ठपोषण संकलन तलको तालिका बमोजिम हुनेछ :

| विवरण | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | समय |
|---|---|---|---|
| योजना कार्यान्वयनको समीक्षा | स्थानीय विपद् व्यवस्थापन समिति | आवधिक रुपमा समीषा बैठक गर्ने | कार्तिक महिना |
| | | | माघ महिना |
| | | | बैशाख महिना |
| | | | श्रावण महिना ( आगामी आ.व.को) |
| योजनाको पुनरावलोकन | स्थानीय विपद् व्यवस्थापन समिति | विषय क्षेत्र अनुसारका क्रियाकलापहरुको पुनरावलोकन गरी योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष कार्तिक मसान्त |

## ५.५ क्षमता विकास रणनीति योजना :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष स्रोत व्यक्ति तथा संस्थाहरुको सहयोगमा देहायका क्रियाकलापहरु संचालन गरिनेछ :

| क्र.सं. | क्षमता विकासका क्रियाकलापहरु | जिम्मेवारी | समय तालिका |
|---|---|---|---|
| १. | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC)को सुदृढीकरण | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ.व. योजना तर्जुमा प्रक्रिया सुरु हुनुभन्दा अगावै |
| २ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ.व. योजना तर्जुमा प्रक्रिया सुरु हुनुभन्दा अगावै |
| ३ | विपद्को सामना गर्न गाउँपालिकाको स्रोत र क्षमताबाट सम्भव नभएमा जिल्ला, प्रदेश, केन्द्र र साझेदार संस्थाहरुबाट सहयोग माग गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि पूर्वतयारी |
| ४ | वडा स्तरका विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन सम्वन्धी अभिमुखीकरण, तालिम प्रदान गर्ने | विपद् व्यवस्थापन शाखा | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| ५ | स्थानीय विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा संचालन गर्न क्षमता विकास गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ.व. योजना तर्जुमा प्रक्रिया सुरु हुनुभन्दा अगावै |
| ६ | बन्दोबस्तीका सामान तथा औजारहरु व्यवस्थापनका लागि विषय क्षेत्रहरुको क्षमता विकास गर्ने। सबै क्षमता विकास तालिमहरु लैंगिक समानता र सामाजिक समावेशीकरणका दृष्टिकोणबाट संवेदनशील र समावेशी हुने कुरा सुनिश्चित गरिने। | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |

## अनुसूची-१
## प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची

शिवालय गाउँपालिका, जाजरकोट
जिल्ला, कर्णाली प्रदेश

स्थान : शिवालय गाउंपालिकाको कार्यालय

छलफलका विषयहरु :

१. गत वर्षका विपद्का घटनाहरु र व्यवस्थापन सम्वन्धी समीक्षा

२. यस वर्षको पूर्वानुमान (वर्षा, बाढी र पहिरो सम्वन्धी पूर्वानुमानहरु जल तथा मौसम विज्ञान विभागबाट उपलव्ध हुन्छ, अन्य प्रकोपहरुको सम्वन्धित निकायबाट उपलब्ध हुन्छ ।),

३. संकटासन्नता र जोखिमको वस्तु स्थिति (भौगोलिक कार्यक्षेत्र : शिवालय गाउँपालिका)

४. विषय क्षेत्रहरु (गाउँपालिकामा रहने कलष्टरहरु) र तिनको योजना

५. योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रक्रिया

६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा प्राविधिक सहयोग गर्नका लागि (आवश्यक भएमा अनुभव प्राप्त विज्ञ सम्मिलित) कार्यटोलीको गठन गर्ने र कार्यशर्तहरु छलफल गरी स्वीकृत गर्ने,

७. पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा सहयोग र समन्वय (अन्य गाउँपालिका, नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थिति निकायहरु)

८. अन्य (जस्तै : समितिको आगामी बैठक सम्वन्धमा) ।

प्राविधिक कार्य समूह :

## अनुसूची-२

### स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यादेश

१. उपलब्ध तथ्यांक, दस्तावेज, प्रकाशन तथा अभिलेखहरुको अध्ययन तथा विश्लेषण गर्ने,

२. विपद् व्यवस्थापन सम्वन्धी मौजुदा योजनाहरु, कम्तीमा ५ वर्षको विपद्का घटना सम्वन्धी तथ्यांक र प्रकाशनहरु, प्रकोप नक्सा, संकटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गर्ने,

३. सम्वन्धित तहका आवधिक विकास योजनाहरु, विषय क्षेत्रगत योजनाहरु, प्रतिवेदनहरु

४. आधारभूत अध्ययन लगायतका कार्य गर्ने,

५. विपद् व्यवस्थापनको विगतको अभ्यास अनुभव तथा सिकाई सम्वन्धी अध्ययन तथा समीाक्षा गर्ने,

६. विगतको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तथा विषय क्षेत्रगत आकस्मिक योजनाहरुको अध्ययन र समीक्षा गर्ने ,

७. स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणाली, सडक सुरक्षा कार्ययोजना अध्ययन र प्रवृत्ति विश्लेषण गर्ने,

८. स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयार गर्ने,

९. कार्यशाला गोष्ठीको संचालन विधि, समय, स्थान, कार्यसूचीको छनौट तथा स्रोत साधन जस्ता विषयमा सहयोग र परामर्श प्रदान गर्ने,

१०. सबै विषयक्षेत्रका योजनाहरु एकित्रत गरी मस्यौदा तयार गर्ने,

११. अनुसूचीमा उल्लिखित नमूना बमोजिम स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयार गर्ने ।

# अनुसूची-३
## सरोकारवाला निकायको पहिचान तालिका

| क्र.सं. | नाम थर | प्रतिनिधित्व संघ संस्था | सम्पर्क नं. |
|---|---|---|---|
| १ | पशुपति जैसी | नेपाल रेडक्रस सोसाइटी | ९८६६२२१९९४ |
| २ | टेक बहादुर सुनार | पाँचतारा युवा संरक्षक मंच | ९८४६०८४१४९ |
| ३ | नरेन्द्र वली | रुकुमेली समाज विकास केन्द्र | ९८५७८८५५८८ |
| ४ | | पहाडी क्षेत्र विकास अभियान | |
| ५ | राम प्रसाद शर्मा | पश्चिम जाजरकोट विकास समाज | ९८५८०८०९८७ |
| ६ | तिलक अधिकारी | फियान नेपाल | |

## अनुसूची-४
## विषय क्षेत्रको प्रथम बैठकको कार्यसूची
## शिवालय गाउँपालिका, जाजरकोट, कर्णाली प्रदेश

छलफलका विषयहरु :

१. विषय क्षेत्रको परिचय

२. विषयगत क्षेत्रको अगुवा तथा सदस्य संस्थाको नामावली

३. प्रमुख विपद् र प्रभावित क्षेत्रको छनौट

४. पहिचान भएको विपद्को पूर्वतयारी तथा प्रतिकार्यमा सम्वन्धित विषय क्षेत्रको भूमिका

५. विपद्को घटना हुनु अगाडि गरिने पूर्वतयारी र विपद् पश्चात गरिने प्रतिकार्यको समयसीमा निर्धारण

६. विद्यमान कमीकमजोरीहरुको पहिचान

७. प्राथमिकता प्राप्त पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य क्रियाकलापहरुको पहिचान

८. प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयक्षेत्रको कार्ययोजना तर्जुमा

९. विपद्को घटना अगावै गरिने पूर्वतयारी तथा विपद्को समयमा गरिने आपत्कालीन कार्यका लागि मुख्य जिम्मेवार निकायको पहिचान,

१०. विषयगत क्षेत्रको अननुगमन, मुल्यांकन तथा सिकाई योजना तर्जुमा

११. पूर्वतयारी तथा प्रतिकार्य क्रियाकलापका लागि लागत अनुमान (सम्भव भए सम्म),

१२. अन्य (जस्तैः आगामी बैठक सम्वन्धमा) ।

नोट :

प्रत्येक विषय क्षेत्रका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरु, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरुमा निर्भर हुन्छ ।

## अनुसूची-५
## विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त :

कुनै विषयक्षेत्रमा परेको समस्या समाधानमा सहयोग गर्न सम्वन्धित तहमा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकार प्राप्त व्यक्ति, संस्था वा निकायलाई विषयक्षेत्र सदस्य संस्था भनिन्छ । विषय क्षेत्र सदस्य संस्थाको काम, कर्तव्य देहाय अनुसार हुनेछन् :

१. विषयगत सदस्य संस्था (सरकारी निकाय, राष्ट्र संघीय निकाय, रेडक्रस अभियानका सदस्य, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र आदि) का बीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्न विषयगत अगुवा संस्था तोकी आवश्यकता अनुसार सहयोग गर्ने,

२. नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकाय, स्थानीय तह, नागरिक समाज तथा अन्य सरोकारवाला निकायवीच समन्वय गनए विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

३. आफ्नो विषयक्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने (यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता, प्राथमिकता प्राप्त आपत्कालीन कार्य तयारी, आपत्कालीन कार्य सम्वोधन गर्न प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान कमीकमजोरी पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन्),

४. आपत्कालीन अवस्थाका लागि पर्याप्त आकस्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने,

५. विषय क्षेत्रका सहभागीहरु सम्वन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउन विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

६. विषय क्षेत्रको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन र प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

७. सूचना संकलन तथा प्रचारप्रसारमा योगदान गर्न स्रोत साधनको आवश्यकता पहिचान गर्ने,

८. विषय क्षेत्रका प्राथमिकता प्राप्त कार्य संचालन नर्ग दातृ समुदायलाई मानवीय सहायता कार्यमा लगानी गर्न प्रोत्साहन गर्ने साथै विषयक्षेत्रका सहभागीहरुलाई स्रोत साधन परिचालन गर्न प्रोत्साहित गर्ने,

९. मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने,

१०. पूर्वनिर्धारित प्राथमिकता प्राप्त विषयगत संस्थाहरुलाई अन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार बनाउने,

११. कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषय क्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने ।

## अनुसूची-६

## अगुवा सहयोगी संस्थाको कार्यशर्त :

अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धी क्रियाकलाप तय गर्नका लाग सबै निकायहरुवीच छलफल गर्न साझा मंच प्रदान गरी सहजकर्ताको रुपमा विपद् व्यवस्थापन समितिलाई सहयोग गर्नु हो । यसको अन्य भूमिका देहाय बमोजिम हुनेछ :

१. सबै निकायहरुको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यमा सहयोग गर्ने,

२. विपद् व्यवस्थापन समितिसँग समन्वय गरी बैठकहरु संचालन गर्ने,

३. विपद् सम्वन्धी तथ्यांक संकलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने र प्राविधिक तथा वित्तीय सहयोग प्रदान गर्ने,

४. प्रभावकारी प्रतिकार्य र पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका बारेमा समन्वय गर्ने,

५. विगगका अनुभवको आधारमा सफलता, सिकाई, चूनौती तथा कमीकमजोरीको पहिचान गर्ने,

६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सबै विषयक्षेत्रका अगुवा तथा सदस्य संस्थाहरु लागयत अन्य सरोकारवालाहरुको सहभागितामा सुनिश्चित गर्ने

७. कार्यशालाको नतिजा तयार गर्ने र सम्वन्धित तहमा कार्यरत मानवीय सहायतमा संलग्न निकायहरुलाई जानकारी गराउने तथा स्थानीय विपद् व्यवस्थापन समितिमा विषय क्षेत्रको योजना मस्यौदा पेश गर्ने ।

## अनुसूची-७
## कार्यशाला गोष्ठीको कार्यसूची :

